मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३४२ ● २०८० साल कार्तिक १२ गते आइतबार ● Sunday 29, October 2023 ● सूर्योदय: बिहान ६:१२ बजे ● सूर्यास्त: साँझ ५:२५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## फतुवा विजयपुर नगरपालिकामा विवाद
# पाउलान् छठपर्वअघि शिक्षक–कर्मचारीले तलब ?

**पाउलान् छठअघि तलब ?**

*मेयर निलम्बित । उपमेयर र वडाध्यक्षहरुबीच समन्वय अभाव । ल्याइएका प्रमुख प्रशासकीय अधिकृतलाई वडाध्यक्षहरु तगारो । भएका निमित्त कार्यकारी अधिकृत र उपमेयरबीच यसरी सूचनामै दोहोरी र निमित्त प्रशासकीय अधिकृत कार्यालय आउनै छाडेको अवस्था । शिक्षक र कर्मचारीसहित ३ सय ५० जनाले दशैंमा तलब नपाएको भन्दै लगाइएको ताला त खुलेको छ । तर निलम्बित मेयर र उपमेयरबीच नै द्वन्द्व कायम छ । यस्तो अवस्थामा ताला खुले पनि तलब आउने आसा झिनो देखिएको छ ।*


फतुवा विजयपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय





फतुवा विजयपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय



**सञ्जय मिश्रा**
**रौतहट ।**
फतुवा विजयपुर नगरपालिकाकी कार्यबाहक मेयर अम्बेया खातुनले अनधिकृतरुपमा कसैले बोलाएको कार्यपालिका बोर्डको बैठक औचित्यहीन हुने भन्दै प्रमुख प्रशासकीय अधिकृतको आह्वानलाई चुनौती दिएकी छिन् ।
मेयर खातुनले सूचना जारी गर्दै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरहेका शम्भु कुमार यादवले बोलाएको बैठक औचित्यहीन रहेको तथा बैठक बोलाउने अधिकारसमेत नभएको स्पष्ट पारेकी छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा १६ को उपदफा ४ (क) मा कार्यपालिकाको बैठक बोलाउने अधिकार नगरप्रमुखको रहेकाले कुनै सरसल्लाह नगरी यादवले शुक्रबारको मितिमा बोलाएको बैठक कानुनविपरीत रहेको तथा २०÷२५ दिनदेखि बन्द रहेको कार्यालय शुक्रबार मात्र खुलेका कारण बैठकसम्बन्धी एजेण्डा तयारी नरहेकाले पत्रअनुसारको मिति र स्थानमा बैठक नहुने सूचनामा उल्लेख छ

**२० दिनपछि ताला खुल्यो**
तलब माग गर्दै शिक्षक, कर्मचारीले फतुवा विजयपुर नगरपालिकामा गरेको तालाबन्दी २० दिनपछि शुक्रबार साँझ खुलेको छ । छठपर्वअघि सम्पूर्ण शिक्षक, कर्मचारीको तलब, सामाजिक सुरक्षा भत्ता दिइने शर्तमा जनप्रतिनिधि र कर्मचारीको रोहवरमा ताला खुलेको हो ।
फतुवा विजयपुरका निलम्बित मेयर गोपाल राय यादवको पहलमा ११ वडाअध्यक्ष, कार्यपालिका सदस्य तथा शिक्षक र नगरका कर्मचारी भेला भएका थिए । छलफलमा नगरअन्तर्गतका सम्पूर्ण शिक्षक, कर्मचारीको तलब र सामाजिक सुरक्षा भत्ता छठपर्वअघि वितरण गरिने सहमतिमा वडाअध्यक्षहरुले जिम्मा लिएपछि ताला खुलेको वडा नम्बर ९ का अध्यक्ष पप्पु भनिने राकेश यादवले बताए ।

**प्रशासकीय अधिकृतमै विवाद**
बडादशैँको मुखमा तलबसुविधा पाउने सम्भावना नदेखिएपछि असोज १९ गते शिक्षक र कर्मचारीले नगरपालिकाको मूलगेटमा तालाबन्दी गरेका थिए ।
फतुवा विजयपुर नगरपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृतको अझै टुंगो लागेको छैन ।
मन्त्रालयले फतुवा विजयपुरमा केहीदिन अघि नयाँ प्रशासकीय अधिकृतका रूपमा पठाएका उपसचिव सुरेन्द्र प्रधानलाई जनप्रतिनिधिले विभिन्न आरोप लगाउँदै हाजिर हुन दिएका छैनन् । प्रधान आएपछि पहिलेदेखि कार्यरत निमित्त प्रमुख प्रशासकीय अधिकृत शम्भु यादव पनि कार्यालय आउन छोडेका छन् ।
कार्यबाहक मेयर अम्बेया खातुनले नयाँ हाकिमका रुपमा उपसचिव प्रधान आउनुपर्ने र बाँकी वडाअध्यक्षले प्रधानलाई हाजिर हुने नदिने अडान लिएका छन् ।

**नगरपरिषद् नै भएन**
असार १० गतेभित्र हुनुपर्ने नगर परिषद् जनप्रतिनिधिबीच आपसी तालमेल नमिलेका कारण हालसम्म हुन नसक्दा नगरपालिकाको सम्पूर्ण आर्थिक गतिविधि शून्य भएको छ । नगरभित्रका शिक्षकलगायत ३ सय ५० को हाराहारीमा कर्मचारीले तलब पाउन सकेका छैनन् । वृद्धवृद्धा, एकल महिलालगायतले सामाजिक सुरक्षा भत्ता पाएका छैनन् ।

निलम्बितकै इशारामा वडाध्यक्षहरु उपमेयर तथा कार्यबाहक मेयर अम्बे खातुनले निलम्बित मेयर यादवकै इशारामा केही वडा अध्यक्षले कर्मचारीको तलबको निहुँमा नगरपालिकामा गरेको र अहिले उनै यादवको इशारामा खुला गरेको बताइन् । निलम्बित मेयरले विभिन्न अवरोध उत्पन्न गरेर नगरपालिकाको कामकाज प्रभावित बनाइरहेको खातुनको दाबी छ ।

**मेयरलाई जेल र जरिवाना**
नदीको टेन्डर मुद्दामा अख्तियारद्वारा दोषी ठहर भएर तत्कालीन मेयर गोपाल राय यादवलाई तीन वर्ष कैद र १५ लाख रुपैयाँ जरिवाना फैसला विशेष अदालतबाट भएपछि उनको पद गएको हो । कार्यबाहक मेयर खातुन र वडाअध्यक्ष तथा फतुवा विजयपुर नगरपालिकाको कार्यपालिका बोर्डबीच समझदारी नहुँदा नगरको सम्पूर्ण काम अवरुद्ध छ ।

# विदेहका मेयरले जनमतका नेता कुटाएको आरोप

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विदेह नगरपालिकाका मेयर बेचन दासले जनमत पार्टीका एक नेतालाई कुटपिट गराएको भन्दै प्रर्दशन गरिएको छ ।
शुक्रबार साँझ विदेह नगरपालिकाका मेयर दास र धनुषा निर्वाचन क्षेत्र नम्बर २ (क) का प्रदेश सांसद लखन दासले जनमत पार्टीका नेता सुरेश मण्डललाई कुटपिट गराएको आरोप लागेको हो ।
शुक्रबार अपरान्ह विदेह नगरपालिका वडा नम्बर ८ का अध्यक्ष मण्डललाई गालीगलौज गरेको भन्दै कुटपिट गरेको आरोप छ ।
दासद्वयलाई जनमतका मण्डलले सामाजिक सञ्जाल र मौखिकरुपमा समेत गालीगलोज गरेपछि कुटपिट गराएको आरोप छ । प्रहरी चौकी तिनकोरिया बेलापट्टीले कुटपिट भएको वा नभएकोबारे अनुसन्धान भइरहेको बताउँदै मेयर दासका छोराले मण्डललाई प्रहरी चौकीमा बुझाएको जनाएको छ ।
प्राप्त जानकारी, अनुसार गालीगलौजकै कारण विवाद भएको हो ।
यता, जनमतका कार्यकर्ता, नेकपा एकीकृत समाजवादी पार्टीका नेता कार्यकर्तासहित अन्य पार्टीका नेता कार्यकर्ताले मेयर दास र सांसद दासविरुद्ध नाराबाजी गरेका छन् ।





शुक्रबार बेलुकी तिनकोरियाचोकमा टायर बालेर प्रदर्शन गरिएको हो । प्रहरीमा बुझाइएका नेता मण्डललाई प्रहरीले हिरासतमा राखेको छ । गालीगलौज गरेपछि कारबाहीका लागि उनलाई घरबाटै समातेर प्रहरीमा मात्र बुझाएको एक प्रहरीले बताए ।
यद्यपि, यसबारे अझै पुष्टि नभएको उनले जानकारी दिए ।
जनमत पार्टीका नेता मण्डलले गत विहीबार जनकपुरधामस्थित मण्डल सेवा समितिको बैठकमा मेयर र सांसद दासलाई नामै किटान गरी गालीगलौज गरेपछि माहौल बिग्रेको थियो । जातीय संगठनको बैठकमा लाउडस्पिकर लगाएर गालीगलौज गरेपछि मेयर र सांसदका कार्यकर्ताले विरोध जनाउँदै उनलाई प्रहरीमा बुझाउन खोज्दा झडप भएको बताइएको छ ।
झडपक्रममा मेयर पक्षकै विदेह नगरपालिका वडा नम्बर ६ एकराही बस्ने रञ्जीत पासवान र भरत पासवान घाइते भएको दाबी गरिएको छ । यसभन्दा पहिले पनि नगरपालिकामा रिर्पोटिङ गर्न गएका पत्रकारमाथि मेयर दासकै निर्देशनमा कुटपिट गरिएको थियो भने जनकपुरधाममै आएर एक पत्रकारलाई ज्यान मार्ने धम्कीसमेत मेयर दासले दिएका थिए ।
यद्यपि पत्रकारमाथि दिएको धम्कीप्रति मेयर दासले माफी मागेका थिए ।

## दलीय स्वार्थभन्दा माथि नउठे
# विकास असम्भवः मन्त्री




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता साहले मुलुकमा विकासका लागि दलीय स्वार्थ भन्दा माथि उठ्नुपर्ने बताएकी छन् ।
कपिलेश्वरनाथ युवा कमिटीले विजयदशमी, दिपावली तथा छठ पर्वको अवसरमा गरेको शुभकामना आदानप्रदान कार्यक्रममा मन्त्री साहले दलगत स्वार्थभन्दा माथि उठेर काम नगरेसम्म विकास असम्भव रहेको बताइन् ।
उनले देश विकासका लागि दलहरुबीच मात्रै नभई स्थानीय, प्रदेश तथा संघ सरकारबीच आपसी समन्वय हुनु आवश्यक रहेको बताइन् । बिना रोडम्याप तयार गरी भइरहेको विकास निर्माण अहिलेको समयमा काम नलाग्ने रहेको उनको भनाई थियो ।
दिगो विकासका लागि सबै तहको सरकारसँग समन्वय गरी रोडम्याप तयार गरेर मात्रै विकास निर्माणतर्फ केन्द्रित हुनुपर्नेमा मन्त्री साहको जोड थियो ।
कार्यक्रममा प्रदेशसभा सदस्य दिपेन्द्र ठाकुरले जनकपुरधाम विकास प्राधिकरणको बजेट नगरप्रमुखको गैरजिम्मेवारीका कारण फ्रिज भएको आरोप लगाए । उनले एकैदिन वीरगंज र जनकपुरधाम दुवै ठाउँका लागि १६–१६ करोड रकम खातामा पठाइएकामा वीरगंजले त्यसको सदुपयोग गर्दा जनकपुरधाम उपमहानगरको त्यो बजेट फ्रिज पारेकोमा आक्रोश व्यक्त गरे ।
लोसपाका महासचिव एवम् पूर्व प्रदेशसभा सदस्य परमेश्वर साहले संघीयतामाथि चौतर्फी प्रहार भइरहेको बताउँदै संघीयता रक्षाका लागि सबै एक हुनुपर्नेमा जोड दिए । उनले संघीयताकै कारण पछिल्लो केही वर्षमा विकासका काम भएको दाबी गर्दै यसको रक्षा नभए यस क्षेत्रको विकास पनि सम्भव नहुनेतर्फ सचेत गराए । कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, पूर्व अध्यक्ष प्रकाशचन्द्र साहलगायतले शुभकामना दिएका थिए ।

## ७० क्विन्टल अनाजबाट
# ११ हजार फिटको रामजानकीको मूर्ति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा ११ हजार स्क्वायर फिटको अन्नबाट भगवान रामजानकीको मूर्ति बनाइने भएको छ । विवाहपञ्चमी महामहोत्सवलाई अन्तर्राष्ट्रियकरण गर्न आउने विवाहपञ्चमीमा शुभ कार्य गर्न लागिएको बृहत्तर जनकपुरधाम क्षेत्र विकास परिषदका अध्यक्ष शितल साहले बताए । अध्यक्ष साहका अनुसार ७० क्विन्टल अन्न अनाजबाट मूर्ति निर्माण हुने छ ।
भारत उत्तरप्रदेशको अयोध्यामा १० हजार ८ सय स्क्वायर फिटको अन्नबाट मूर्ति बनाएर गिनिज बुक अफ वर्ल्ड रेर्कडमा दर्ता भएको भन्दै विवाहपञ्चमीमा जनकपुरधाममा ११ हजार स्क्वायर फिटमा मूर्ति बनाएर विश्व रेकर्ड बनाउँदै विवाहपञ्चमीलाई अन्तर्राष्ट्रियकरण गरिने जनकपुरधामका मेयर मजोज कुमार साहले बताए ।
जनकपुरधाम वडा नम्बर ४ का रुपेश मिश्रकी छोरी गुनगुन मिश्रले भारतीय च्यानलमा मूर्ति विश्वकीर्तिमान कायम गरेको देखेर जनकपुरधाममा त्यो भन्दा भव्य र ठूलो मूर्ति बनाउनुपर्ने प्रस्तावमा भारतीय कलाकार तथा विज्ञ सतिष घुरजरसहितको टोली जनकपुरधाम आएर छलफल भएको छ ।
मूर्तिको स्वरुपको विषयमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर साह, बृहत्तर जनकपुरधाम क्षेत्र विकास परिषद अध्यक्ष साह, विद्वान डा. राजेन्द्र प्रसाद बिमल, मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष राम भरोस कापडि, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठलगायतले छलफल गरेको बताइएको छ ।

# मन्त्री 'एमालेको दूत' भएको आरोप

**मधेशदृष्टि**
**सिरहा ।**
कल्याणपुर नगरपालिकामा भइरहेको आन्दोलनलाई लिएर जनता समाजवादी पार्टी नेपालका  राजनीतिक समिति सदस्य सुरेश मण्डलले अर्का राजनीतिक समिति सदस्य तथा वन, वातावरण मन्त्री वीरेन्द्र महतोलाई 'एमालेको दूत' भनेर आक्षेप लगाएपछि जसपामा तरंग आएको छ ।
पछिल्लो २५ दिनदेखि कल्याणपुर नगरपालिकामा भइरहेको आन्दोलन विनासम्झौता टुङ्ग्याइएको आरोप लगाउँदै मण्डलले मन्त्री महतोलाई आन्दोलन टुङ्ग्याएर एमालेको ऋण तिरेको बताएका हुन् । मिर्चैया नगरपालिकामा हिसाब किताबसहित परिषद् बैठकलगायत १२ बुँदे माग राख्दै एमालेबाहेकका दलहरू आन्दोलनमा थिए ।
तालाबन्दीसहित भएको आन्दोलन विनासम्झौता टुङ्ग्याइएकामा मण्डल असन्तुष्ट भएका हुन् । मण्डलले एमाले सचिव रघुवीर महासेठको इसारामा आन्दोलन टुंग्याएको आरोप लगाए ।
महतो र मण्डल सिरहा क्षेत्र नम्बर ४ का नेता हुन् ।
आन्दोलनक्रममा लगाइएको मुद्दा फिर्ता लिने, नगरपरिषद् चाँडै बोलाउने, पालिकाले हिसाबकिताब दिने विषयमा सम्झौता भएपछि आन्दोलन सकिएको हो ।

# जसपाको केन्द्रीय समिति बैठक

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले केन्द्रीय कार्यकारिणी समिति बैठक आह्वान गरेको छ ।
कात्तिक १३ गते सोमबार दिउँसो २:३० बजे पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा बस्ने गरी बैठक बोलाइएको हो ।
बैठकमा मधेश प्रदेशसभाका समानुपातिक सांसद विन्दुकुमारी यादवको भदौमा निधन भएपछि रिक्त पदमा उम्मेदवार छनोट गर्नेबारे छलफल हुनेछ ।
साथै बैठकमा पार्टीको सङ्गठन विस्तार तथा सुदृढीकरण अभियानबारे समेत समीक्षा हुने बताइएको छ ।
जसपाले भदौदेखि पार्टी विस्तार र सुदृढीकरणसम्बन्धी तीनमहिने अभियान सञ्चालन गरिरहेको छ ।

# मारवाडी युवा मंचद्वारा खिर वितरण




**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
कोजाग्रत पुर्णिमाको अवसरमा जानकी मन्दिरको प्रांगन भित्र मारवाडी युवा मंचको अगुवाईमा श्रद्धालु भक्तजनहरुलाई खिर खुवाइएको छ ।
भोजन सेवा अन्तरगत शनिबार खिर खुवाउने विशेष दिन रहेकोले यस्तो कार्यक्रम हामीले गरेको कुरा मंचका अध्यक्ष विक्रम जैनले जनाएका छन् । एक वर्ष ६ महिना बढि दिन देखि प्रत्येक शनिबार निशुल्क भोजन सेवा संचालित रहेको छ । शनिबारको जाग्रत पुर्णीमाको अवसरमा मधेश प्रदेशका आठ जिल्ला र सितामढि मधुवनी,दरभंगा जिल्लाका श्रद्धालु भक्तजनहरुलाई निशुल्क खिर पुरी ,तरकारी र मिनरल वाटर वितरण गरिएको छ ।

# टि–२० क्रिकेटको उपाधि कपिलेश्वरलाई



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाको कपिलेश्वर क्रिकेट टिमको आयोजना तथा जनकपुरधाम उपमहानगरपालिकाको सहयोगमा सम्पन्न वडा स्तरीय टि–२० क्रिकेट प्रतियोगिता २०८० को उपाधि कपिलेश्वर टिमले जितेको छ ।
कूल १६ वटा टिमको सहभागितामा भएको वडा स्तरीय क्रिकेट प्रतियोगिता अन्तर्गत आज भएको फाइनल खेलमा धनुषाको ललिया क्रिकेट टिमलाई कपिलेश्वर टिमले ८ विकेटले पराजित गर्दै उपाधि जितेको हो ।
गत वर्षदेखि शुरु भएको वडा स्तरीय क्रिकेट प्रतियोगिताको फाइनल खेलमा टस जितेर ब्याटिङ रोजेको कलिया क्रिकेट टिमले निर्धारित २० ओभरको खेलमा सबै विकेटको क्षतिमा ७३ रन जोड्यो ।
७४ रनको लक्ष्य सहित खेल मैदानमा उत्रेका कपिलेश्वर क्रिकेट टिमले २ विकेटको क्षतिमा लक्ष्य भेटाएको थियो ।प्रतियोगितामा विजयी कपिलेश्वर टिमले ३० हजार नगद, शिल्ड, कप र प्रमाणपत्र तथा उपविजेता भएका ललिया क्रिकेट टिमले १५ हजार नगद, शिल्ड, कप तथा प्रमाणपत्र प्राप्त गरे ।
वडा दशै, दीपावली तथा छठ पर्वको अवसर पारेर जनकपुरधाम उपमहानगरपालिकाका–१६ कपिलेश्वरका वडाध्यक्ष रामचन्द्र पञ्जियारको सक्रियतामा वडा स्तरीय टि–२० क्रिकेट प्रतियोगिता गत वर्षदेखि आयोजना हुँदै आएको छ ।
विजेता तथा उपविजेता टिमलाई नगद शिल्ड, कप तथा प्रमाणपत्र जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साह तथा उपप्रमुख किशोरी साहले प्रदान गरेका थिए ।

# नागरिक संघर्ष समिति गठन

**मधेशद्दष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर ३१ मा शनिबार सम्पन्न भेलाले राष्ट्रिय नागरिक संघर्ष समिति गठन गरेको छ ।
अजित कुमार कुर्मीको अध्यक्षतामा १७ सदस्यीय समिति गठन भएको हो । समितिमा उपाध्यक्ष ऋषि राउत कुर्मी, सचिव अर्जुन साह कानु, सहसचिवमा हरिन्दर मलाह चयन भएका छन् । त्यसैगरी, सदस्यमा फुलमती देवी कुर्मी, प्रभा देवी मलाहीन, मिनादेवी कुर्मीलगायतका छन । कार्यक्रम अब्दुल सतार अन्सारीको संयोजकत्वमा भएको हो ।

# उन्नत नेपालको साधारणसभा सम्पन्न

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
उन्नत नेपाल संस्थाको सातौ साधारणसभा समपन्न भएको छ । शनिबार उन्नत नेपालका अध्यक्ष नागेन्द्र साहको अध्यक्षता तथा प्रदेशसभा सदस्य रामअशिष यादवको प्रमुख आतिथ्यतामा सम्पन्न भएको साधारणसभाबाट ९ सदस्यीय कार्यसमिति पनि चयन भएकोछ ।
संस्थाको नया कार्यसमितिको अध्यक्षमा यौनिक तथा अल्पसंख्यक समुदायबाट प्रदिप कुमार यादव चयन भएका छन् । संस्थाको उपाध्यक्षमा युशुफ नदाफ,सचिवमा सरदचन्द्र बचार,कोषाध्यक्षमा ममता कुमारी भट्ट र सहसचिवमा रिंकी कुमारी मण्डल चयन भएका छन् । त्यसैगरि सदस्यहरुमा मनोज कुमार दास,डा कनिका साह,राम प्रगास यादव र इनरजीत मेस्तर लगायतको चयन भएका छन् ।
कार्यक्रममा मधेश प्रदेशका सांसद राम अशिष यादवले समाज रुपान्तरणका लागि सार्वजनिक र निजि क्षेत्रको संयुक्त सहकार्य हुनु अति आवश्यक रहेको बताए । सांसद यादवले गणतन्त्रको संस्थागत र संघीयताको संरक्षण गर्दै समृद्ध प्रदेशका लागि सामुहिक प्रयास को आवश्यकता रहेको बताए । कार्यक्रममा शिक्षा क्षेत्रमा महत्त्वपूर्ण भुमिका निर्वहन गरेका रा रा ब क्याम्पसका पुर्व प्रमुख विष्णुदेव यादवलाई सम्मान गरिएको थिए ।
शनिबार जनकपुरधाममा सम्पन्न कार्यक्रममा राराब क्याम्पसका भुतपुर्व प्रमुख विष्णुदेव यादव,नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्ण,एसिया फाउन्डेसनका प्रतिनिधी रोशन झा,युनिसेफका प्रतिनिधी कामदेव खनाल,आइडिया इन्टरनेसनल प्रादेशिक प्रोग्राम मेनेजर विजय झा मस्त,युएसआइडीका प्रतिनिधी साविर अन्सारी,नागरिक समाजका रवि गोयन्का,उद्योग वाणिज्य संघका मधेश प्रदेश कार्यकारी निर्देशक प्रदिप दत्त,समाजिक अभियन्ता सुधा कर्ण र ओरेक नेपालकी विणा कुमारी सिंहको उपस्थिती रहेको थियो ।



आस्थावान जनसागरः धनुषाको सबैला नगरपालिकामा दुर्गा पूजाको प्रतिमा बिसर्जनमा ओर्लिएको जनसागर । तस्बिर: जितेन्द्र अक्षत

# कटरैतले उचाल्यो मुन्नी मिश्रि भलिबलको उपाधि

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
महोतरीको कान्तिबजारमा सम्पन दोश्रो 'स्व. मुन्नी मिश्रि स्मृती पुरुष भलिबल प्रतियोगिता २०८०' को उपाधि कटरैत भलिव क्लब धनुषाले जितेको छ । शनिबार भएको फाइनल खेलमा जनज्योति युवा क्लब गोरहन्नालाई वेष्ट ५ सेटमा २–३ सेट अन्तरले पराजित गर्दै कटरैत भलिव क्लब धनुषाले उपाधि जितेको हो ।
सामुदायिक विकास युवा क्लब गौशाला १२ कान्तिबजारद्धारा आयोजित 'स्व. मुन्नी मिश्रि स्मृती पुरुष भलिबल प्रतियोगिता २०८०' मा विजयी भएको हो । विजयी कटरैतलाई नगद २१ हजार रुपैया र कप प्रदान गरिएको छ भने उप विजेयता गोरहन्नालाई नगद ११ हजार र कप प्रदान गरिएको छ । बर्दिबास नगरपालिकाका मेयर प्रहलाद क्षेत्रीले विजेयता र उप विजेयतालाई पुरस्कार र कप प्रदान गरेका थिए ।
दुबै टिक बीच कडा ठक्कर भएको थियो ।
अन्तिम ५ औ सेटमा पनि खेल अन्तिम समय एक अर्कोलाई टक्कर दिएको थियो । कटरैतका शैलेन्द्र यादव उत्कृष्ट खेलाडीको पुरस्कार पाए । कटरैतकै उदित यादव वेष्ट लिप्टर, गोरहन्नाका नितेश चौधरी वेष्ट स्पाइकर र रविन श्रेष्ठ वेष्ट बल्कोर चुनिएर पुरस्कार पाए । विजयी खेलाडीहरुलाई शुभकामना दिंदै बर्दिबासका नगरपालिकाका नगर प्रमुख प्रहलाद क्षेत्रिले खेलकुदको गतिविधि बढाए मात्रै लागुऔषधको दुव्र्यशनि नियन्त्रण हुने बताए । युवा पुस्ता लागुऔधको दुव्र्यशनमा लाग्दा समाज असुरक्षित भएको उल्लेख गर्दै बर्दिबास नगरपालिकाले जिल्लामै खेलकुदको गतिविधि सञ्चालन गर्न पहल गर्ने बताए ।
विजयी खेलाडीहरुलाई बधाइ ज्ञापन गर्दै गौशाला नगरपालिकाकी उप प्रमुख रेणु कुमारी महतोले खेलकुदामा विद्यालय तहका छात्राहरुलाई संलग्न गराउनु पर्ने बताइन । मधेश प्रदेश स्तरको मुन्नी मिश्रि स्मृती पुरुष भलिबल प्रतियोगितामा अगामि वर्षमा महिला खेलाडीलाई समेत संलग्न गराएर समाजमा सकारात्मक संदेश दिनु पर्ने उनले भनिन ।
सामुदायिक विकास युवा क्लबको आयोजनामा बुधबार देखि शनिबार सम्म चलेको दोश्रो'स्व. मुन्नी मिश्रि स्मृती पुरुष भलिबल प्रतियोगिता २०८०'मा सर्लाही, महोतरी र धनुषाका १६ टिम सहभागि थिए ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**गजेन्द्र नारायण सिंह अस्पताल**
राजविराज, सप्तरी

फ्याक्स : ०३१-५२०१३४
फोन : ०३१-५२००३४ (अ)
**E-mail :** sagarmatha_hospital@yahoo.com

## शिलवन्दी दररेट स्वीकृत गर्ने आशय पत्रको सूचना ।

**प्रकाशन मिति : २०८०/०७/१२**

मधेश दृष्टि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मिति २०८०/०६/१४ गतेको सूचना अनुसार निम्न कार्यका लागि पर्न आएको शिलवन्दी अधिकारिक विक्रेतामा सुचिकृत हुन र दररेट पेश गर्न भएको सुचना वमोजिम तपसिल वमोजिमका दररेट उपकरण अनुसारका **सप्लायर्सहरु** सारभुत रुपमा प्रभावग्राही न्यूनतम मुल्याकंन दररेट स्वीकृतीको लागि मुल्याकंन समितिवाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनको लागि सम्वन्धित सवै दररेट लाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनावाट जानकारी गराईन्छ ।

तपसिल

| सि.न. | सामानहरुको नाम | दररेट पेश गर्ने फर्मको नाम |
|---|---|---|
| 1 | Heamatology Analyzer 5 part Dymond | Maa Chhinamasta Suppliers, Rajbiraj-5 |
| 2 | Heamatology Analyzer 5 part Agapee | Mukesh Traders And Suppliers ,Saptari |
| 3 | Heamatology Analyzer 5 Part Maccura F560 | Maa Chhinamasta Suppliers, Rajbiraj-5 |
| 4 | Fully Automatic Electrolyte Analyzer Curelyte | Maa Chhinamasta Suppliers, Rajbiraj-5 |
| 5 | Fully Automatic Electrolyte Analyzer (Dalko lyte) | Maa Chhinamasta Suppliers, Rajbiraj-5 |
| 6 | Biochemestry Analyzer (Roche Cobas C111 ) | Maa Chhinamasta Suppliers, Rajbiraj-5 |
| 7 | Biochemestry Fully Automatic Analyzer (zybio EXC 200) | Maa Chhinamasta Suppliers, Rajbiraj-5 |
| 8 | Roche Cobas E411 ECL Based Technology Immonoassy Analyzer | Maa Chhinamasta Suppliers, Rajbiraj-5 |
| 9 | Agapee Heamatology Analyzer Three Part | Mukesh Traders And Suppliers ,Saptari |
| 10 | Electrolyte Analyzer HDC Lyte | R S Traders And Suppliers , Rajbiraj, Saptari |
| 11 | Fully Automated Clinical Chemistry Analyzer(Agapee) | Gobinda Traders And Suppliers pvt. Ltd ,Saptari |
| 12 | Maccura i1000 Automatic Chemiluminescence Analyzer | R S Traders And Suppliers , Rajbiraj, Saptari |
| 13 | Fully Automated Blood Culture System (Bactalert 3D 120,) (Biomerieux) | Nepal Meditech And Surgitech ,Kathmandu, nepal |
| 14 | Urin Analyzer (AVE772)(AVE Science Technology) | Nepal Meditech And Surgitech ,Kathmandu, nepal |
| 15 | Anitiotic & Anti Fungal Sensitivity System(Vitec 2 Compact60) (Biomerieus) | Nepal Meditech And Surgitech ,Kathmandu, nepal |
| 16 | Vision ESR Analyzer | Nepal Meditech And Surgitech ,Kathmandu, nepal |
| 17 | GH 900 Plus HPLC Analyzer | Nepal Meditech And Surgitech ,Kathmandu, nepal |
| 18 | X-Ray Film, DR System Konika Dry Pro. SD-S (8*10) (10*12) DR System | Anita Traders and Trade Center,Biratnagar |
| 19 | X-Ray Film, DR System Konika Dry Pro. SD-S CR System | Aaditya International, Jankpurdham dhanusha |
| 20 | CT Scan X-Ray Film 14*17 Trimax Laser Image | Aaditya International, Jankpurdham dhanusha |

(डा.प्रकाश प्रसाद शाह)
प्र.मे.सु

# मर्दी पदयात्रामा पर्यटकको घुइँचो



**रासस**
**कास्की ।**
कास्की जिल्लामा अवस्थित विश्व प्रख्यात मर्दी पदयात्रामा जाने पर्यटकको यतिबेला घुइँचो लागेको छ । दशैँअघिदेखि नै यस पदयात्रामा पर्यटकको आगमन बढ्दा होटल तथा रेष्टुरेन्ट भरिभराउ भएका छन् । घटस्थापनादेखि आन्तरिक तथा बाह्य पर्यटक आगमन सुरु भएकामा दशैँको टीकाको भोलिपल्टदेखि पर्यटक आगमन ह्वात्तै बढेको व्यवसायीले बताएका छन् ।
मर्दी पदयात्रा छोटो समयमा गर्न सकिने उत्कृष्ट पदयात्राभित्र पर्दछ । पोखराबाट तीन दिन दुई रातमा पदयात्रा सकेर फर्किन सकिने भएकालेसमेत अधिकांशको रोजाइमा पर्ने गरेको छ ।हातले समाउन सकिएला झैँ लाग्ने गरी आँखै अघि ठडिएका हिमशृङ्खला अनि हिउँले छपक्कै छोपेका सेता पहाड, हरिया वनजङ्गल, सुन्दर डाँडाकाँडा र बस्तीले पर्यटक तानेको छ । प्राकृतिक सुन्दरताले भरिएको पदयात्रा मार्गका हरेक मनमोहक दृश्यले पर्यटक लाभिने गरेका
छन् ।
कुमारी माछापुच्छ्रे हिमालसहित मर्दी, अन्नपूर्ण साउथ, हिमचुली, अन्नपूर्ण प्रथम, गङ्गापूर्ण, गन्धर्व चुलीलगायत आधा दर्जनभन्दा बढी हिमाल नियाल्ने अवसर मिल्ने भएकाले यस पदयात्रामार्गमा बाह्य तथा आन्तरिक पर्यटकको आकर्षण बर्सेनि बढ्ने गरेको छ ।मर्दी ट्रेक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष राजकुमार तामाङले दैनिक चार सयको हाराहारीमा आन्तरिक तथा बाह्य पर्यटकले अहिले मर्दी पदयात्रा गर्ने गरेको बताए । उनका अनुसार पर्यटक आगमन बढेसँगै व्यवसायीलाई उनीहरुको स्वागत सत्कार र आतिथ्यतामा भ्याइनभ्याइ छ ।
'कोभिडले थला परेको पर्यटनलाई अहिलेको पर्यटक आगमन बढ्दा उत्साहित भएका छौँ । दशैँको भोलिपल्टदेखि हामीलाई पर्यटकको व्यवस्थापन गर्न हम्मेहम्मे परेको छ', तामाङले भने । मर्दी पदयात्रामा ६० वटा होटल तथा रेष्टुरेन्ट रहेका छन् । यहाँ दैनिक पाँच सय ५० हाराहारीमा पर्यटकलाई बास बस्नसक्ने क्षमता छ । कुनै दिन पर्यटक आगमन दैनिक पाँच सयभन्दा बढी हुने गरेको
बताइन्छ । दुईदिनअघि मर्दीको पदयात्रा गरेका गण्डकी प्रदेशसभा सदस्य प्रकाश बरालले मर्दीको पदयात्रा गर्दा आफू रोमाञ्चित बनेको बताए ।
'भ्यू प्वाइन्ट'बाट देखिने सुन्दर दृश्यावलोकनले पदयात्रामा भोग्नुपरेका सबै थकान र कष्ट एकै क्षणमा भुलिने उनले सुनाए । बरालले भने, 'मर्दी ट्रेकिङ नेपालीहरुको प्रमुख रोजाइको पदयात्रा गन्तव्य बनेको छ । यसबाट आर्थिक गतिविधिमा योगदान दिएको छ, त्यहाँ गएर बस्न खान कुनै समस्या छैन । पारिवारिक यात्राको राम्रो गन्तव्यसमेत बनेको छ ।' 'भ्यू प्वाइन्ट'मा शौचालयको अभावका कारण पर्यटक समस्यामा परेको देखिएको बताउँदै प्रदेशसभा सदस्य बरालले समस्या समाधानका लागि प्रदेश सरकारसँग पहल गर्ने बताए । पोखराबाट २२ किमी दूरीमा रहेको माछापुच्छ«े गाउँपालिकाको घलेल हुँदै कालीमाटी तथा सिदिङसम्म जीपयात्रापछि मर्दी पदयात्रा सुरु हुन्छ । त्यहाँबाट जङ्गलको बाटो हुँदै उकालो चढेर दुई हजार नौ सय ७० मिटर उचाइमा अवस्थित लो क्याम्प पुगिन्छ ।माछापुच्छ«ेकै धम्पुस तथा अन्नपूर्ण गाउँपालिकाको काँढेबाटसमेत पोथना, अष्ट्रेलियन क्याम्प, प्रितम देउराली, फरेस्ट क्याम्प हुँदै लो क्याम्पसम्म पर्यटक पुग्दछन् । लो क्याम्पबाट बादलडाँडा, हाइक्याम्प, 'भ्यू प्वाइन्ट' हुँदै चार हजार पाँच सय मिटर उचाइको मर्दी आधार शिविर(एमविसी) पुगिन्छ ।'भ्यू प्वाइन्ट'बाट लस्करै ठडिएका आधा दर्जनभन्दा बढी हिमालसहित पोखरा उपत्यकालगायत स्थानको दृश्यावलोकन गर्न सकिन्छ । अधिकांश पर्यटक मर्दी हिमाल बेसक्याम्प पुगेर, घलेल, क्यानोनिङ हुँदै चिया गाउँका रुपमा परिचित ल्वाङ हुँदै पोखरा फर्कने गर्दछन् । मर्दी पदयात्रा छोटो समयको पदयात्राका रुपमा रहेकाले एक÷दुई दिनको बिदाको समयमा समेत पूरा गर्न सकिने भएकाले पर्यटकको रोजाइमा पर्ने गरेको पदयात्रा क्षेत्रमा पर्ने होटल कालीमाटीका सञ्चालक शिव भण्डारीले बताए ।

# गुटरेस अन्नपूर्ण आधार शिविर पुग्ने



**रासस**
**गण्डकी ।**
विजया दशमीको टीका लगाएसँगै पदयात्राका लागि पुगेका पर्यटकका कारण अन्नपूर्ण आधार शिविरको पदमार्गमा अहिले आन्तरिक पर्यटकको लर्को लागेको छ । पदमार्गको अन्तिम गन्तव्य अन्नपूर्ण आधार शिविरका साथै पदमार्गका क्षेत्रका होटल आन्तरिक पर्यटकले खचाखच भरिएका छन् ।आइतबारदेखि नेपालको औपचारिक भ्रमण गर्न लागेका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस अन्नपूर्ण आधार शिविरमा पनि आउने कुराले यहाँका पर्यटन व्यवसायी उत्साहित छन् । विसं २०७२ को भूकम्प, केही वर्षअघि अन्नपूर्ण आधार शिविर पदमार्ग क्षेत्रमा आएको हिमआँधीले पारेको प्रभावसँगै कोरोना महामारीलगायतका कारण प्रभावित यहाँको पदयात्रा पर्यटनमा पछिल्लो समयमा आन्तरिक पर्यटकको आकर्षण ह्वात्तै बढिरहेको छ ।विजयादशमी पछि पदमार्ग क्षेत्र आन्तरिक पर्यटकले भरिएको छोम्रोङ पर्यटन समितिका सचिव दिलीप गुरुङले जानकारी दिए । 'शुक्रबार मात्रै झण्डै चार सयको सङ्ख्याका आन्तरिक पर्यटक अन्नपूर्ण आधार शिविरमा आएका छन्', उनले भने, 'पदमार्ग क्षेत्रका अन्य स्थानका होटेल भरिभराउ बनेका छन् ।' पदयात्रा पर्यटनमा विश्वमा नै चासो र चर्चा हुने गन्तव्य हो अन्नपूर्ण आधार शिविर । पर्यटकीय नगरी पोखरालाई मुख्य आधार बनाएर पदमार्ग क्षेत्रको घान्द्रुकसम्म सवारीसाधनबाट पुगेका पदयात्रीहरू त्यहाँबाट तीन दिनको पदयात्रा गरेपछि अन्नपूर्ण आधार शिविर पुग्दछन् । थप लामो समय पदयात्रा गर्न चाहनेहरू पोखरा–बागलुङ राजमार्गअन्तर्गत कास्कीको नयाँपुलबाट पनि पदयात्रा गर्ने गर्दछन् ।नेपालीमा बढ्दै गएको घुमफिर संस्कृतिको विकाससँगै पछिल्ला वर्षमा यस क्षेत्रको पदयात्राका लागि देशका विभिन्न भागबाट स्वदेशी पर्यटक पदयात्राका लागि आउने गरेको सचिव गुरुङले बताए । हिमाल आरोहणका क्षेत्रमा सबैभन्दा जेठो हिमालका रूपमा चासो र चर्चा कमाएको अन्नपूर्ण हिमालको परिधिमा गरिने पदयात्रा विश्वका उत्कृष्ट पदयात्रा मार्गमध्येमा पर्ने ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष धर्मराज पन्थीले बताए । उनका अनुसार विदेशी पर्यटकका साथै पछिल्लो समयमा आन्तरिक पर्यटकको आकर्षण पदयात्रा पर्यटनमा बढिरहेको छ ।अन्नपूर्ण आधार शिविरमा विशेषगरी युरोप, अमेरिकाका साथै मलेसिया, चीन, कोरियालगायतका देशका नागरिक बढीमात्रामा आउने गरेका छन् । जथाभावी बाटो खन्नेक्रमले समग्र पदयात्रा पर्यटन नै जोखिममा पर्दै गएको वास्तविकतामा अन्नपूर्ण आधार शिविरसहित मर्दी हिमाल, पुन हिल, मिलेनियम ट्रेकलगायतका पदमार्ग पर्यटकको आकर्षक गन्तव्यमा पर्दै गएका छन् ।जथाभावी बाटो खन्ने नाममा पदमार्ग छोटिँदै जानु पदयात्रा पर्यटनका लागि चुनौतीको विषय भएको जनाउँदै अध्यक्ष पन्थीले भएका पदमार्गको संरक्षणसँगै वैकल्पिक पदमार्गको खोजी गरिनु अपरिहार्य भएको बताए । फ्रान्सका हिमाल आरोही मोरिस हर्जोगले सन् १९५० जुन ३ मा सर्वप्रथम अन्नपूर्ण प्रथमको सफल आरोहण गरेसँगै विश्वमै हिमाल आरोहणतर्फ आकर्षण बढ्दै गएको हो ।अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै यो क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य बन्दै गएको छ ।समुद्री सतहदेखि चार हजार एक सय ३० मिटरको उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा एरिक सिप्टनले गरेको पदयात्राले यहाँको पदयात्रा पर्यटन अघि बढाउन महत्वपूर्ण भूमिका खेलेको छ ।
अन्नपूर्ण हिमालको गरिमा र महत्वलाई उजागर गर्नका लागि प्रत्येक वर्षको अन्नपूर्ण आरोहण दिवसका अवसरमा अन्नपूर्ण आधार शिविरदेखि घान्द्रुकसम्म अन्नपूर्ण म्याराथन गर्दै आइएको अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सवका संयोजक ललित गुरुङले बताए । हालसम्म तीन संस्करणसम्मको अन्नपूर्ण म्याराथन सम्पन्न भइसकेको जनाउँदै उनले त्यसबाट अन्नपूर्ण आधार शिविरिको पदयात्रामा स्वदेशी एवं विदेशी पर्यटकको थप आकर्षण बढिरहेको बताए । आजभन्दा साढे चार दशकअघिसम्म अन्नपूर्ण आधार शिविर जाने पर्यटक यहाँका भेडीगोठ र स्थानीयवासीले बनाएका चित्रा वा भकारीले बारेका झुपडीमा बस्नुपर्ने बाध्यता रहेकामा अहिले भने सबै किसिमका सुविधा सम्पन्न होटलले पर्यटकको स्वागत गरिरहेका छन् ।अन्नपूर्ण आधार शिविरमा पहिलो पटक २०३८ सालमा पर्यटकलाई लक्षित गरी यस क्षेत्रका सिनुवा, बाम्बो, हिमालयन, दोभान, देउराली, माछापुच्छ्रे आधार शिविर र अन्नपूर्ण आधार शिविरसमेत गरी २६ होटल सञ्चालनमा आएका थिए । पछिल्ला वर्षमा थप आठ होटल थपिएको बताउँदै सचिव गुरुङले होटेलको सङ्ख्या थपसँगै भएका होटेलमा पनि पर्यटकस्तरीय पूर्वाधार थपिएको जानकारी दिए । धार्मिक एवं सांस्कृतिकरूपले महत्वपूर्ण मानिने अन्नपूर्ण आधार शिविर पदमार्गमा पर्ने बुद्धशिला, पुजनीय बराह र यहाँबाट देखिने एक सय आठ धारासहितका धार्मिकस्थलले पनि यहाँको महिमा र गरिमा अझै बढाएको छ । आइतबारदेखि नेपालको औपचारिक भ्रमण गर्न लागेका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस अन्नपूर्ण आधार शिविरमा पनि आउने कुराले यहाँका पर्यटन व्यवसायी उत्साहित बनेको सचिव गुरुङले बताए ।
'संयुक्त राष्ट्रसङ्घका महासचिव जस्तो अतिविशिष्ट पाहुना अन्नपूर्ण आधार शिविरमा आउनुहुने कुरा हाम्रा लागि ठूलो गौरवको विषय हो', उनले भने, 'उहाँको आगमनले विश्वमाझ फैलिएको अन्नपूर्ण हिमाल र अन्नपूर्ण आधार शिविरका साथै समग्र यस क्षेत्रको महत्व आगामी दिनमा अझै चुलिएर जाने विश्वास लिएका छौँ ।'

# बन्दीपुरमा रमाए विदेशी पर्यटक



**रासस**
**दमौली ।**
तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा फ्रेन्च पर्यटक मौलिक चुड्कामा छमछमी नाचेका छन् । बन्दीपुर घुम्न आएका विदेशी पर्यटकलाई यहाँका होटल व्यवसायीले शुक्रबार राति चुड्कामा नाच्ने व्यवस्था मिलाएका हुन् ।स्थानीय युवायुवतीले गाएको गीतमा पर्यटक छमछमी नाचेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष एवं होटल हेरिटेजका सञ्चालक किसान प्रधानले जानकारी दिए । उनले भने, 'बन्दीपुर आएका विदेशी पर्यटकलाई यहाँको संस्कृति, रीतिरिवाजबारे जानकारी दिन चुड्का गीतमा नचाएका हौँ, उहाँहरु खुसी हुँदै नाच्नुभयो ।' करिब ५० को सङ्ख्यामा फ्रेन्च पर्यटक बन्दीपुर आइपुगेका छन् । उनीहरुलाई मौलिक वेशभूषामा सजाएर नचाइएको थियो ।त्यस्तै, बन्दीपुर घुम्न आएका चिनियाँ पर्यटक पनि नेपाली गीतमा नाचेका छन् । रेशम फिरिरी गीतमा पर्यटकहरु नाचेका हुन् । 'नेपाली गीतसङ्गीतप्रति उहाँहरुको निकै रुचि भएको पायौँ, पर्यटकहरु खुसी हुनुभयो', प्रधानले भने । बन्दीपुरमा यतिबेला विदेशी तथा स्वदेशी पर्यटकको चहलपहल बाक्लिएको छ । चिसो मौसम बन्दीपुरका लागि पर्यटनमा राम्रो मानिन्छ । यतिबेला बन्दीपुरमा चिनियाँ पर्यटक भित्रिने क्रम बढेको छ ।यो वर्षको वैशाखदेखि यता बन्दीपुरमा करिब चार हजार विदेशी पर्यटक आएका छन् । पर्यटन विकासको समितिको तथ्याङ्कअनुसार सबैभन्दा बढी चीनका पर्यटक छन् । बन्दीपुरमा २६ देशबाट पर्यटक आएका छन् ।बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्याण्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्याण्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, ताइवान, स्विटजरल्याण्ड, मलेसिया, होल्याण्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक आएको तथ्याङ्क छ । वैशाखदेखि भदौसम्म बन्दीपुर आउने चिनियाँ पर्यटक एक हजार छ सय २२ छन् । वैशाखमा २२, जेठमा ३२, असारमा ९६, साउनमा छ सय ३० र भदौमा आठ सय ४२ चिनियाँ पर्यटक बन्दीपुर भित्रिएका थिए । चिनियाँ पर्यटकपछि बन्दीपुर आउनेमध्ये धेरै इटालीका छन् । इटालीका पाँच सय आठ जनाले बन्दीपुर भ्रमण गरेका छन् । यस्तै, जापानका ६२, स्पेनका चार सय २३, नेदरल्याण्डका ६७, फ्रान्सका एक सय पाँच, अमेरिकाका ४२, जर्मनीका ७७, डेनमार्कका आठ, पाकिस्तानका ३६, अष्ट्रेलियाका एक सय ३१, बेलायतका ४४, आयरल्याण्डका १३, दक्षिण कोरियाका ३०, बेल्जियमका २९, थाइल्याण्डका २६, ताइवानका ३४, स्वीटजरल्याण्डका २५, मलेसियाका ४७, होल्याण्डका १३, पोर्चुगलका ११, चेक रिपब्लिकका २६, इरानका ३३, भारतका चार सय ६४, ग्रिसका १० र अर्जेन्टिनाका ३१ जनाले बन्दीपुरको भ्रमण गरेका छन् ।सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । यहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ«े, धौलागिरि लगायतका हिमशृङ्खला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने गर्दछ ।बन्दीपुरमा होटल सङ्घसँग आबद्ध सानाठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, वोल्डइन, बन्दीपुर माउण्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिजेललगायत होटल सञ्चालनमा छ । भक्तपुरे शैलीमा निर्माण गरिएका घर, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थलहरु यहाँ आउने पर्यटकहरुको आकर्षणको केन्द्रविन्दु बन्ने गरेका छन् ।

# पर्यटकको आगमनले सौराहाका व्यवसायी उत्साहित

**रासस**
**भरतपुर ।**
दशैँ बिदाका समयमा चितवनको पर्यटकीय नगरी सौराहाका होटल भरिभराउ भएका छन् । दशैँअघि सुनसान रहेका होटल दशैँपछि भरिभराउ भएपछि व्यवसायी उत्साहित भएका छन् । सौराहामा आन्तरिकसँगै भारतीय र तेस्रो मुलुकका पर्यटक पनि आएका छन् । दशैँ सुरु भएपछि अधिकांश होटल पर्यटकले भरिएको व्यवसायीले बताएका छन् ।क्षेत्रीय होटल सङ्घ चितवन सौराहाका अध्यक्ष नरेश गिरीले पर्याप्तमात्रामा आन्तरिक तथा बाह्य पर्यटक नआउँदा निरास पर्यटन व्यवसाय चाडबाड सुरु भएसँगै पुनःतङ्ग्रिन थालेको बताए । 'दशैँअघि सौराहा सुनसान जस्तै थियो', उनले भने, 'पर्यटकीय सिजन सुरु भएसँगै पर्यटक बढ्न थालेका छन् ।' देशमा बढ्दो अर्थतन्त्रको समस्याले कतै आन्तरिक पर्यटकको सङ्ख्यामा पनि कमी आउने हो कि भन्ने चिन्तामा रहेका व्यवसायीलाई दशैँको माहोलले भने केही उत्साहित बनाएको गिरीले बताए । उनले दशैँपछि सौराहाका सबै होटल पर्यटकले भरिभराउ भएको जानकारी दिए । आन्तरिक तथा विदेशी पर्यटकको चहलपहल बढ्दै जाँदा सुस्ताउँदै गरेको सौराहाको पर्यटनलाई पुनःपुरानै लयमा फर्काउने राम्रो सङ्केत दिएको सौराहाका पर्यटन व्यवसायी वासु ढुङ्गाना बताउँछन् । उनले दशैँमा पर्यटकको आगमनले व्यवसायीलाई उत्साहित बनाएको बताए । दशैँको टीकापछि सौराहामा झनै पर्यटकको सङ्ख्या बढेको छ । शुक्रबार साँझ सौराहामा थामिनसक्नु भीड थियो । सौराहाको ड्यामसाइटका रेष्टुरेन्ट तथा होटल भरिभराउ थिए । होटल हर्मिटेजका सौराहाका सञ्चालक रमेश रेग्मी आन्तरिकसँगै सौराहामा बाह्य पर्यटकको सङ्ख्या पनि बढेको बताए । उनले बाह्य पर्यटक आउने समय भएका



कारण पनि सौराहामा चहलपहल बढेको भन्दै व्यवसायमा केही उत्साहा थपेको बताए । उनका अनुसार रसिया, अमेरिका, क्यानडा, अष्ट्रेलियालगायतका देशबाट घुम्नका लागि पर्यटक यहाँ आएका छन् ।पछिल्लो समय नेपालीमा घुम्ने संस्कृतिको विकास भइरहेको छ । सौराहामा विदेशीभन्दा स्वदेशी पर्यटकको सङ्ख्या बढ्दो छ । दशैँका बेलामा घुम्नुपर्छ भन्ने मान्यताले पर्यटकीय क्षेत्र स्वदेशी पर्यटकले नै भरिराउँछ देखिन्छ । आन्तरिक पर्यटक मिता आचार्य दशैँ बिदाको समय पारेर सौराहा घुम्न आएको बताए । उनले सौराहामा रहँदा निकुञ्जमा जीप सफारी र राप्ती नदीमा ढुङ्गा सयर गरेको बताए । पर्यटकीय सिजन सुरु भएसँगै आन्तरिक पर्यटक मात्र होइन अहिले विदेशी पर्यटक पनि सौराहामा देखिन थालेका छन् । उनीहरु सौराहा र चितवन राष्ट्रिय निकुञ्ज भ्रमण गर्न पाउँदा खुसी छन् । अमेरिकाबाट घुम्न आउनुभएका पर्यटक एन्जेला भन्छन्, 'चितवन निकुञ्जका वन्यजन्तुले र चराचुरुङ्गीले मन लोभ्यायो । यहाँको प्राकृतिक वातावरणमा घुम्न पाउँदा मन आनन्दित भयो ।' पछिल्लो समय आन्तरिक पर्यटकले धान्दै आएको सौराहाका पर्यटनमा स्तरीय होटलको अभाव खड्किदै गइरहेको छ । त्यही अभावलाई पूर्ति गर्न विदेशी पर्यटकलाई लक्षित गर्दै सिद्धार्थ भिलासा वनबासजस्ता रिसोर्ट पनि खुलेका छन् भन्ने अन्य खुल्ने तयारीमा छन् । सौराहा वरपर साना तथा ठूला गरेर एक सय ५० होटल रहेका छन् भने ५० भन्दाबढी रेष्टुरेन्ट रहेका छन् । सौराहामा चितवन राष्ट्रिय निकुञ्जमा जीप सफारीका साथै डुङ्गा सयर, हात्ती सफारीका लागि पर्यटक आउने गरेका छन् । चितवन राष्ट्रिय निकुञ्जका अनुसार गत वर्ष निकुञ्जमा स्वदेशी तथा विदेशी गरी करिब तीन लाख पर्यटकले भ्रमण गरेका छन् ।

केही हुनेवाला छैन, जबसम्म हामी सपना पनि देख्दैनौँ ।
–कार्ल स्यान्डवर्ग

## सम्पादकीय

# चियापानमा नेताहरुको दाबी

शनिबार नेपाली कांग्रेसले आयोजना गरेको चियापान कार्यक्रममा राजनीतिक दलका नेताहरुको उल्लेख्य सहभागिता थियो । कांग्रेस सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेस लोकतान्त्रिक पार्टी हुनाका नाताले राजनीतिक दलहरुप्रतिको आलोचनालाई सकारात्मकरुपमा लिएको बताए । उनले बडादशैँ, तिहार, नेपाल संवत् र छठलगायत पर्वका अवसर पारेर कांग्रेसले पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको बताउँदै दलहरुप्रति आएको आलोचना र टिप्पणीलाई सकारात्मक लिएको उनले दोहोर्‍याए । लामो समय मौन देखिएका सभापति देउवा पहिलोपटक पत्रकारहरुको भिडमा देखिए । आफ्नै पार्टी कार्यालयमा पत्रकारहरु आएका थिए । राजनीतिक दलहरुले आफूलाई जनताका बीचमा लोकप्रियता हासिल गर्न राम्रोसँग काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उनले सबै राजनीतिक दलप्रति जनताको आशा र भरोसा उत्तिकै कायम रहेको दाबी थियो देउवा । राजनीतिक दल र राज्यका संस्थाप्रति विश्वास घटेको छैन भन्ने उनको जिकीर पनि थियो । उनले कांग्रेस मात्र नभई दलभित्रको फरक मत हुन सक्ने र व्यवस्थापन गरिरहेको दोहोर्‍याए । नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले सङ्कटका बेला दल हातेमालो गर्दै अगाडि बढेको विगतका घटना स्मरण गर्दै अबका चुनौतीलाई हल गर्न पनि दल एक हुनुपर्ने बताए । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले दलबीच सद्भाव बाँड्ने परम्पराका रुपमा चियापान कार्यक्रम हुँदै आएको उल्लेख गर्दै चियापानले दलहरुप्रति संवाद आदानप्रदान हुने विश्वास व्यक्त गरे ।

उता, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टेनियो गुटेरेसको आसन्न नेपाल भ्रमणबाट विश्व समुदायमा नेपालको प्रतिष्ठा अभिवृद्धि हुने जिकीर गरे । बडादशैँ, तिहार, नेपाल संवत् र छठलगायत पर्वका अवसर पारेर नेपाली कांग्रेसले पार्टी केन्द्रीय कार्यालयमा गरेको चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रममा सञ्चारकर्मीसँग उनले नेपाली जनताको आवश्यकता सम्बोधन गर्न भ्रमणबाट महत्वपूर्ण सहयोग मिल्ने बताए । प्रधानमन्त्री दाहालले राष्ट्र सङ्घका महासचिवले नेपाल भ्रमणका क्रममा जलवायु परिवर्तन, शान्ति प्रक्रिया र नेपालको आर्थिक विकासको लक्ष्यबारे सम्बोधन गर्ने कार्यक्रम रहेको जानकारी दिए । महासचिवको भ्रमणलगत्तै कतारका राजा पनि नेपाल भ्रमणमा आउन लागेएको जानकारी दिँदै उनले नेपालको कूटनीतिक सफलताको परिणामस्वरुप उच्चस्तरीय भ्रमण हुन लागेको बताए । चाडपर्वमा हुने चियापान कार्यक्रमले आपसी एकता अभिवृद्धि गर्न मात्र नभई देशको राष्ट्रिय राजनीतिलाई पनि स्थिरतातर्फ लैजान सघाउ पुर्‍याउने विश्वास व्यक्त गरे । आफूले प्रधानमन्त्रीको जिम्मेवारी प्राप्त गरेदेखि नै राजनीतिक दलहरुका बीचमा समझदारी बनाउन प्रयास गर्दै आएको उनको भनाइ छ । मुलुकमा अराजकता सृष्टि गर्ने उद्देश्यका साथ राजनीतिक दलहरुमाथि प्रश्न उठाउने गरिएको उल्लेख गर्दै उनले सम्पूर्ण राजनीतिक दल एक ठाउँमा उभिएर त्यस्ता प्रवृत्तिलाई गतिलो जवाफ दिने तयारी भइरहेको बताए ।

नेपाली कांग्रेसले आयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा नेकपा एमालेका शीर्ष नेताहरु सहभागी भएका थिए । कांग्रेस केन्द्रीय कार्यालय सानेपामा एमाले अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, नेताहरु प्रदीप ज्ञवाली, रघुजी पन्त, छविलाल विश्वकर्मा र विष्णु रिमाललगायतका नेता सहभागी भए । अध्यक्ष ओलीले दलहरुमाथि प्रश्न उठेको होइन, उठाउने कोशिस गरिएको बताए । यस विषयको जवाफ यथासमयमा यथोचित ढङ्गले दिइने दाबी गरे । चियापान बहाना थियो तर नेताहरुको आफूप्रति जनताको भरोसा कायमै छ भन्ने सामुहिक दाबी थियो ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |



डा. रामसागर पंडित

# गठबन्धन सरकार हट्छ/हट्दैन !

नेपालका प्रमुख राजनीतिक पार्टीहरू गठबन्धनबाट चुनावमा गएका थिए किनभने उनीहरूलाई थाहा थियो कि हामीहरू एक्लाएक्लै चुनाव लड्दा कसैको लाज बचाउने सिट आउँदैन । यिनीहरूका गठबन्धन पनि निर्वाचन पश्चात् टिक्न सकेन । नेपाली काँग्रेस सबैभन्दा बढी सिट जित्दा पनि सरकार बनाउन चाहिने सिटसंख्या पुग्न सकेन । बढी सिट ल्याउने दोस्रो पार्टी एमाले बन्यो । उसको त सरकार बनाउने कुरै भएन । तेस्रो पार्टीको रूपमा माओवादी केन्द्रलाई देखियो । माओवादी केन्द्र बुझिरहेको थियो कि मेरो बिना सरकार निर्माण हुन सक्दैन । यसै कुरालाई मनन गरी नेपाली काँग्रेससँग गठबन्धन भित्रका दलहरू माँग गर्न थाले कि हामी गठबन्धनका ठूला दलहरू पालैपालो सरकारको नेतृत्व गरौंभन्दा नेपाली काँग्रेस तत्काल मान्न तयार भएन । उता एमाले यस्तै कुराको प्रतिक्षामा बसेको थियो । माओवादी केन्द्रको अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई प्रधानमन्त्रीको रूपमा आउन आग्रह गर्‍यो । यस्तै कुरालाई हेरेर राजनीतिक विद्वानहरू भनेको हुनुपर्छ कि राजनीतिमा जे पनि हुन सक्छ ।



'प्रचण्ड' दाँया–बाँया हेर्दै ओलीको कुरालाई सहर्ष स्वीकार गरी प्रधानमन्त्रीको रूपमा शपथ गर्न पुग्नुभयो । नेपाली काँग्रेस जे सोच्दै थिए त्यस्तो हुने काँटछाँट देखिएन । ओलीले अब पछिका कुराहरूलाई चोखो पार्न प्रचण्ड मार्फत प्रयास शुरु गर्नुभयो । सभामुखसम्म एमालेले लिने काम गर्‍यो । यस्तै राष्ट्रपतिको निर्वाचन आएँदासम्म प्रचण्ड र देउवाले पुनः सोच्न थाले कि हामीहरू कहाँ चुक्यौ । यी कुराहरूमा पुनः छलफल गर्न चुनावताका रहेका गठबन्धनका पार्टीहरू बसेर छलफल गरौं । पुनः यिनीहरूको बिचमा निरन्तर छलफल चल्न थाल्यो । राष्ट्रपति नेपाली काँग्रेसलाई दिएपछि ओली चिढिँदै गए । रामचन्द्र पौडेलको प्रतिस्पर्धामा सुभाषचन्द्र नेम्बाङलाई उम्याइयो । रामचन्द्र पौडेल गठबन्धनको मत पाएर विजयी हुनुभयो ।

प्रधानमन्त्री पदका लागि पुष्पकमल दाहाल, शेरबहादुर देउवा र माधव कुमार नेपालको बीचमा छलफल शुरू भयो । यहाँहरूका बीचमा के सहमति भयो भने अहिले पुष्पकमल दाहाल 'प्रचण्ड' लाई नै दुईवर्षसम्म सरकारको नेतृत्व गर्न छाडौं । बीचको १ वर्ष माधवकुमार नेपाललाई र अन्तिम २ वर्षका लागि शेरबहादुर देउवालाई सरकारको नेतृत्व गर्ने सहमतिमा उनीहरू पुग्नुभयो । अहिलेको सरकार यसै सहमतिको आधारमा चलिरहेछ । विभिन्न पार्टीहरूका गठबन्धन सरकार भएकाले अलिकति खटपट हुनु स्वभाविकै हो । अहिलेको अवस्थामा सरकार चलाउनु कम जोखिम छैन । देशको आर्थिक अवस्था दिनप्रतिदिन कमजोर हुँदै गएको अवस्थामा वर्तमान प्रधानमन्त्रीमाथि चौतर्फी घेराबन्दीलाई तोड्न कम चुनौती छैन । अहिले सरकार गिर्ने कुनै यस्तो घटना परिघटना आएको देखिँदैन ।

कतिको के भनाइ छ भने कोसी प्रदेशको सरकार निर्माणमा काँग्रेसले देखाएको भूमिका कति जायज हो वा कति नाजायज, भविष्यले मूल्याङ्कन गर्ने नै छ तर राजनीतिमा यही कुरा हुन्छ भने किटानीसाथ भन्न अप्ठ्यारो छ । कोसी प्रदेशमा अस्ति नेकपा एमाले र नेपाली काँग्रेस नबद्दा मध्यावधि चुनावमा जाने लगभग पक्कापक्की भै सकेको थियो । मध्यावधिलाई रोक्नु एउटा राम्रै प्रयास थियो । कोसीमा एमाले र काँग्रेस मिलेपछि यसको असर संघीय सरकारमा कति पर्छ भने कुरा भविष्यले नै देखाउने हो । राष्ट्रिय राजनीतिमा अड्कल, अनुमान र कल्पना गर्नु स्वभाविक प्रक्रिया हुन्छ । राजनीतिमा भोलि यही हुन्छ भन सकिँदैन ।

नेपाली काँग्रेस कोसी प्रदेशको सरकार निर्माणमा कोइराला पक्षको विद्रोह नै भए पनि मुख्यमन्त्रीको विश्वासमतमा गठबन्धनका सबै पार्टीले समर्थन दिएकै हुन् । यसरी लोकतान्त्रिक नोर्म अनुसार राम्रै गरेको हो भने सबैले समर्थन गरेका छन् । संघीय सरकार कोसी सरकार जस्तो अल्पमतमा परेको छैन । भोलि कुनै पार्टी दायाँबाँया भयो भने अल्पमतमा पर्न पनि सक्छ । अहिलेको बजार हल्लाले के देखाएको छ भने दशैपछि अहिलेको सरकार टुटेर नेपाली काँग्रेस र नेकपा (एमाले) को संयुक्त सरकार बन्नेछ । यस्तो कुरा भोलि भयो भने नेपाली काँग्रेसको साख अहिलेको अवस्थाभन्दा पनि बद अवस्थामा नजाने हो भन्न सकिन्न । अहिले सरकारमा सामेल भएका पार्टीहरू ओली जस्तो त्यति छक्कापञ्जा जान्दैनन् । नेपाली काँग्रेसलाई सरकारमा लगे पनि के चल्न दिन्छ र ! पुष्पकमल दाहाललाई त सरकार बनेको केही महिनाभित्रै छक्कापञ्जा देखाउन थालेपछि असह्य अवस्थामा आएपछि गठबन्धनै तोडनु परेको थियो ।

नेपाली काँग्रेस नेपालको एउटा सबैभन्दा ऐतिहासिक पार्टी हो । देशमा उथलपुथल हुँदा आफ्नै नेतृत्वमा पुनः ट्र्याकमा ल्याएर देशलाई पटक पटक बचाउने काम गरेको छ । एकछिन सरकारको लोभमा परेर गठबन्धन परिवर्तन गर्छ भने तत्काल प्रधानमन्त्री त पाउँला तर के टिक्छ र ! अहिले गठबन्धन सरकारले त प्रधानमन्त्रीको सम्झौता गरेकै छ । देशको निर्वाचनसमेत काँग्रेसकै नेतृत्वमा हुने सम्झौता भएकै छ । त्यसैले काँग्रेस एमालेसँग मिलेर सरकार बनाउँछ भने भोलि पार्टीको घाटा सिबाए फाइदा देखिँदैन । राजनीतिमा कहिलेकाही समयको प्रतिक्षा पनि गर्नु पर्छ । भोलि मध्यावधि निर्वाचन भयो भने अहिलेको जति सिट जितिन्छ कि जितिँदैन भने के ग्यारेन्टी ?

माओवादी केन्द्र र एकीकृत समाजवादीको पनि राम्रो अवस्था देखिँदैन । मध्यावधि निर्वाचनमा यी गठबन्धनका सबै पार्टीले अहिले सरकार तोड्र भाग लिँदा यिनीहरूको अवस्था पनि सुध्रेको देखिँदैन । नयाँ नयाँ पार्टीहरू अस्तित्वमा आएदेखि उनीहरू बढीभन्दा बढी सिट ल्याउन नयाँ नयाँ हथकण्डा फाल्ने छन् । उता लोकतान्त्रिक व्यवस्था विरोधी पार्टीसमेत पहिलेभन्दा राम्रै अवस्था छ । देशको आर्थिक अवस्था पनि त्यति सुधार हुन सकेको छैन । देश जेनतेन चलिरहेको छ । निर्वाचन गराउन पनि कहीकतैबाट खोजिनै पर्ने देखिन्छ । यी सारा दोष विपक्षीहरूले अहिलेको गठबन्धनमा सामेल पार्टीहरूका टाउकामा बोकाउँछन् । सरकारमा बसेका हुनाले लाभहानीका कुरालाई आत्मसात पनि गर्नैपर्ने हुन्छ ।

अब कुरालाई साम्यवादी पार्टीहरूतिर मौडौं । यी पार्टीहरूसमेत आफ्नो सिद्धान्तलाई तिलाञ्जली दिई पैसाबाललाई खोजीखोजी काम दिन थाले । पार्टीका खाँटी कार्यकर्ताहरूलाई पार्टीले सुरक्षासम्म दिने काम गर्न सकेन । पार्टी त सिद्धान्तलाई बोकेर हिड्दा भोलि जीवित रहन सक्छ, होइन भने भोलि जुन गरिबहरूका मतले सरकारसम्म पुग्न सफल भएका छन्, तिनीहरू विपक्षमा उभ्न के बेर ! पार्टीका नेताहरू त सालैपिच्छे पार्टी फेर्न लाज लाग्दैन भने कार्यकर्तालाई के को लाज ?

देशले स्थायी सरकार चाहेको छ । यी पार्टीले स्थायी सरकार दिन्छन् जस्तो लक्षण देखिँदैन । भोलि चुनाव हुँदा पुनः यस्तै गठबन्धनका सरकार बन्न सक्ने देखिन्छ । त्यसैले यदि संविधानलाई नै संशोधन गरेर भएपनि कार्यकारीलाई बेग्लै चुनाव गरेर ल्याएको खण्डमा पाँच वर्ष स्वतन्त्रपूर्वक देशको काम आफ्नो स्वविवेकमा गर्न पाउँछ । यस्ता स्थायी सरकारले पाँच वर्षभित्र केही विकासका कामहरूलाई अगाडि बढाउन समय मिल्ने छ । देशमा चौतर्फी सुधारको आवश्यकता छ । संविधानमा उल्लेख भएको शब्द समाजवादी व्यवस्थातिर कहिले अग्रसर हुने थाहा छैन । यदि अझै सुधार गर्न अगाडि बढ्यो भने राष्ट्रिय पार्टी बाहेक सबै पार्टीलाई निस्तेज बनाउनु पर्छ । यी साना साना पार्टीहरू सरकार बनाउन छेपारो जस्तै रंग परिवर्तन गर्न बेर लाग्दैन । बहुदलीय लोकतान्त्रिक गणतन्त्रमा जनताले केही अनुभूति गर्न सकेनन् भने भोलि कुन व्यवस्था ल्याउने ? आजको समयमा यो व्यवस्थाभन्दा बढी लोकतन्त्रिक व्यवस्था अरूलाई भन्न मिल्दैन । राजतन्त्रमा राजाले गर्न सकेनन् । कुलीनतन्त्रमा केही व्यक्तिले सरकार चलाउन सकेनन् । लोकतन्त्रमा कसमाथि दोष लगाउने ? यो त आफ्नै व्यवस्था हो । आफ्नै सरकार हो ।

यस लेखलाई लेखकले जनकपुरधामकै केही साधारण मान्छेदेखि भीआईपीसँगको विचारलाई समेटी तयार पारेको छ । अन्तर्वार्ता दिने व्यक्तिहरूका विचारमा भिन्नता देखिए । कतिले के भने यस सरकारको ठेगान छैन, कहिले जाला ? अर्को पक्षको के भनाइ थियो भने होइन यस सरकारको विकल्पै छैन । यही सरकार २०८४ को निर्वाचन गराउने छ । दुबै पक्ष एउटा कुरामा एक मत देखिन्थे । उनीहरूका विचार यस्ता सरकार निकै कमजोर हुन्छ, नेपालमा अझ पनि पद्धतिगत रूपले सरकार हिड्ने बाटो नबनेकाले कमजोर हुनु स्वभाविक देखिन्छ । हुनत बहुदलीय व्यवस्था स्वीकार गर्ने अन्य देशहरूमा पनि गठबन्धन संस्कृतिको सरकार पूरै अवधि काम गरेकै छन् । यहाँ यस्तो संस्कृतिको विकास नभएकोले शंकाउपशंका हुनु स्वभाविक हो ।

निष्कर्षमा यस गठबन्धन सरकारको आयुलाई यही हो भन्न कठिन भएको भएपनि सरकार छिट्टै हट्दैन भने कुरामा लेखकलाई पूर्ण विश्वास छ । देश र राजनीतिक अवस्थालाई हेर्दा देशले निर्वाचन गराउन तयार देखिँदैन भने पार्टीहरू पनि मनमस्तिकले तयार रहेको देखिँदैनन् । यसै सरकारलाई पाँचवर्षसम्म टिकाउनु बाध्यता पनि हो । पार्टीहरू चाहँदैमा निर्वाचन हुँदैन । हुनत सरकारदेखि बाहिरबसेका पार्टीहरूसम्म सधै निर्वाचनको पक्षमा देखिन्छ । प्रमुख विपक्षी नेकपा (एमाले) पनि निर्वाचनमा अहिले जान तयार देखिँदैन । पार्टीहरूले जबसम्म पार्टीभन्दामाथि उठ्न सोच्दैनन् तबसम्म देश बन्दैन । यहाँ उल्टो देखिन्छ, पार्टी मजबूत भयो भने देश आफै बलियो भइन्छ । यस्तो मानसिकतालाई परिवर्तन गर्नै पर्छ । होइन भने यस्तै हो । इतिश्री ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्फा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्फ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन खेलकुद तथा मनोरञ्जनात्मक कार्यमा बिल्ला, पारिवारिक मित्रता तथा रमाइलो यात्रा होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ नयाँ मित्रहरूसंगको भेटले मन आनन्दित रहला। आर्थिक लाभका नयाँ नयाँ मार्गहरु नि प्रशस्त होलान् ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन नयाँ बस्त्र तथा आभुषण प्राप्त हुने योग छ। आटेका वा सोचेका काम कार्यहरु पूरा होलान् ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन शिक्षा क्षेत्रमा सफलता पाउनुका साथै कुनै लेख रचना तथा साहित्यिक कार्यको थालनी होला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज कुनै उपहार तथा पुरस्कार प्राप्त हुने योग पनि रहेको छ ।आज दक्षिण तिरको यात्रा नगरेकै राम्रो होला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आजको दिन अपर्झट कुनै पनि स्थानको यात्रा हुनसक्छ, खेलकुद तथा साहित्यिक क्षेत्रमा तपाईंको सहभागीताले उत्साह थपिएला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज हर्ष तथा प्रसन्नताका साथ समय बित्नेछ, आज को दिन आध्यात्मिक चिन्तनमा मन जाने देखिन्छ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
तपाईंको लगनशीलता तथा पराक्रमले कठिन भन्दा कठिन कार्यहरु पनि सहजै सम्पन्न+ होलान् ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन धन आर्जनका विभिन्न मार्गहरु प्रशस्त होलान् धन तथा मान प्राप्ति हुनसक्छ, वैदेशिक यात्राका अवसरहरु पनि आउनसक्छ,

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंको व्यक्तित्व देखेर सबै प्रभावित होलान् , आर्थिक लेनदेनमा विशेष सावधानी अपनाउनुहोला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन अनावश्यक खर्चको योग आएको छ तपाईंको कमजोरीको फाइदा उठाउलान्, धैर्य तथा विवेकले काम लिनुहोला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन तपाईंलाई गुप्त बिद्या तथा शिक्षा प्राप्त होला , आज विशेष परिस्थितिले दिनभर मन रमाउला ।

# नेपाल र संयुक्त राष्ट्रसङ्घः

# ६५ वर्षदेखि दर्विलो साथ र सहयोग



**रासस**
**काठमाडौँ ।**
संयुक्त राष्ट्रसङ्घको विश्व शान्ति अभियानमा नेपालको ६५ वर्षदेखि दर्विलो साथ र सहयोग रहँदै आएको छ भने नेपालको परराष्ट्र नीतिमा पनि राष्ट्रसङ्घकै बडापत्रको सिद्धान्तलाई सर्वाधिक प्राथमिकता दिइएको छ ।नेपालले कुनै गुट वा उपगुटमा संलग्न नभई राष्ट्रसङ्घको आह्वानमा द्वन्द्वग्रस्त मुलुकमा शान्ति सेना उपलब्ध गराउने सिलसिलामा संयुक्त राष्ट्रसङ्घको झण्डा मुनि मात्र जाने राष्ट्रिय नीति अवलम्बन गरेको छ । सन् १९४५ अक्टोबर २४ राष्ट्र सङ्घको स्थापना भएकामा नेपाल सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसङ्घको सदस्य बनेको थियो ।

नेपालले सन् १९६९–७० र सन् १९८८–१९८९ मा दुई पटक राष्ट्र सङ्घको शक्तिशाली सुरक्षा परिषद्को अस्थायी सदस्यको भूमिकासमेत सफलतापूर्वक निर्वाह गरिसकेको छ ।अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने, राष्ट्रबीच मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने तथा आर्थिक, सामाजिक, साँस्कृतिक वा विश्वकल्याणकारी प्रकृतिका अन्तर्राष्ट्रिय समस्या समाधान गर्ने मुख्य उद्देश्य संयुक्त राष्ट्रसङ्घको रहेको छ । राष्ट्र सङ्घको शान्ति सहायता अभियानमा नेपाली सेनाको सहभागिता साढे छ दशकभन्दा बढीको छ । सन् १९५८ मा लेवनानमा पाँच सैनिक पर्यवक्षकको तैनाथबाट सेनाको राष्ट्रसङ्घ शान्ति सहायता अभियानसँगको सहकार्य सुरु भएको हो ।पहिलो नेपाली युनिट पुरानो गोरखगण सन् १९७४ मा इजिप्टमा तैनाथ भएको थियो । नेपाल तत्कालीन समयदेखि नै राष्ट्रसङ्घका अधिकांश शान्ति 'मिसन'मा सक्रिय सहभागी हुँदैआएको छ ।यस अवधिमा लगभग ४४ मिसनमा एक लाख ४६ हजार छ सय २३ नेपाली शान्ति सैनिकले भाग लिइसकेका छन् । सेनाले इन्जिनियर, मेडिकल र विशेष फौजको टुकडीजस्ता विशिष्ट क्षमताको फौज सहभागी गराएर राष्ट्रसङ्घको शान्ति कार्यमा महत्वपूर्ण योगदान दिइरहेको छ । नेपाली शान्ति सैनिकको कर्तव्यप्रति निष्ठा र उत्कृष्ट कार्यसम्पादनको राष्ट्रसङ्घलगायत निकायबाट उच्च प्रशंसा हुँदैआएको छ । शान्ति स्थापनार्थ खटिएका नेपाली सैनिकले जहिले पनि चुनौतीलाई स्वीकार गर्दै कठिन जिम्मेवारी बहन गर्दै आएको छ ।विश्व शान्ति स्थापनामा संलग्न हुने सिलसिलामा हालसम्म ७२ नेपाली शान्ति सैनिकको वीरगति प्राप्त गरेका छन् भने ६६ जना घाइते भएका छन् । शान्ति सैनिक खटाउने मुलुक सूचीमा नेपाल हाल दोस्रो ठूलो वरियतामा भएको राष्ट्र हो । विश्वका १३ मिसनमा हाल नेपाली सेनाका पाँच हजार आठ सय २६, नेपाल प्रहरीका ४४ र सशस्त्र प्रहरी बल नेपालका एक सय ९४ गरी छ हजार ६४ शान्ति सैनिक तैनाथ छन् । त्यसमध्ये पाँच सय ८६ महिला शान्ति सैनिक रहेको नेपाली सेनाका प्रवक्त कृष्णप्रसाद भण्डारीले बताए । राष्ट्रसङ्घको आह्वान भएको खण्डमा नेपालले शान्ति कार्यमा दस हजारसम्म तालिम प्राप्त शान्ति सेनालाई परिचालन गर्न सकिने प्रतिबद्धता यसअघि नै जनाइसकेको छ । नेपाली सेनाले राष्ट्रसङ्घ स्थापना दिवस हरेक वर्ष विविध कार्यक्रम गरी मनाउने र त्यस अवसरमा नेपालले पु¥याएको योगदानको समीक्षा गर्ने अभ्यास रहिआएको छ । यसवर्ष पनि सेनाले यही कातिक १ गते शान्ति पदयात्रासहित उपप्रधानमन्त्री एवं रक्षामन्त्री प्रमुख आतिथ्यमा 'युएन डे' कार्यक्रम गरेको थियो । उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले नेपाल संयुक्त राष्ट्रसङ्घको बडापत्रको दृष्टिकोण, लक्ष्य र उद्देश्यप्रति प्रतिबद्ध रहेको उल्लेख गरेका थिए । 'शान्ति म बाट सुरु हुन्छ' भन्ने नाराका साथ आयोजित समारोहमा उनले संयुक्त राष्ट्रसङ्घो बडापत्रको आदर्श र विश्व शान्तिको उद्देश्यप्रति नेपालको प्रतिबद्धता स्पष्ट पारे । 'संयुक्त राष्ट्रसङ्घो बडापत्र नेपालको परराष्ट्र नीतिको एउटा मार्गदर्शक सिद्धान्त हो', उपप्रधानमन्त्री खड्काले भने, 'नेपालले अन्तर्राष्ट्रिय मञ्चमा शान्ति र समानताका लागि सदैव जोड दिँदै आएको छ । नेपाल सधैँ विश्व शान्ति र सद्भावका लागि प्रतिबद्ध छ ।' राष्ट्रसङ्घले नेपालमा भएको दशवर्षे सशस्त्र द्वन्द्व समाधानका लागि नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय मिसन (अनमिन) पठाएरसमेत सहयोग पु¥याएको थियो । राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसको यही कात्तिक १२ गतेदेखि हुने चार दिने नेपाल भ्रमणका क्रममा विश्वसंस्था र नेपालबीच रही आएको सम्बन्ध र शान्ति प्रयासमा नेपालले निर्वाह गर्दैआएको भूमिकको विचार विमर्श र समीक्षा हुनेछ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को मैत्रीमूर्ण निमन्त्रणामा उनी नेपालको औपचारिक भ्रमणमा आउन लागेका हुन् । राष्ट्रसङ्घका महासभा, सुरक्षा परिषद्, अन्तर्राष्ट्रिय न्यायालय, आर्थिक तथा सामाजिक परिषद्, जिम्मा जमानी परिषद् र सचिवालय राष्ट्रसङ्घका अङ्ग हुन् । अन्तर्राष्ट्रिय श्रम, खाद्य तथा कृषि, विश्व स्वास्थ्य, हुलाक, नागरिक उड्डयन, जलवायु, बौद्धिक सम्पति, सामुद्रिक, कृषि विकास कोष, औद्योगिक विकास र पर्यटन सङ्गठनलगायत विश्व संस्थाका १५ विशिष्टीकृत निकाय छन् । राष्ट्रसङ्घका ती संस्थाले नेपालको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जलवायु र हुलाकका क्षेत्रमा सहयोेग पु¥याउँदै आएका छन् ।शान्ति स्थापना कार्यमा डिजिटल प्रविधिको विकास तथा नवीनतम् प्रविधिको प्रयोग गर्ने उद्देश्यले राष्ट्रसङ्घ सचिवालय सहयोग परिचालन विभागद्वारा गत जेठ ३० देखि असार १ गतेसम्म शान्ति स्थापना कार्यमा सहकार्य विषय यहाँ सङ्गोष्ठीसमेत गरिएको थियो । सातौँ संस्करणको गोष्ठी 'शान्ति स्थापना कार्यमा प्रविधिका लागि सहकार्य' विषयकमा केन्द्रित थियो ।वर्तमान विश्वमा भइरहेको सूचना प्रविधिको तीव्रतम विकास र बदलिँदो सुरक्षा परिस्थितिअनुरुप शान्ति कार्य मिसनमा प्रयोग भइरहेका प्रविधि, चुनौती र असल अभ्यासबारे सदस्य राष्ट्रबीच अनुभव आदानप्रदान गर्ने हेतुले नेपालले कार्यक्रम गरेको हो ।




# पैसा खर्च गरेर 'माननीय' बन्ने प्रवृत्तिले भ्रष्टाचार र अस्थिरता



- जिल्लाका समस्या र मागमा मतदाताको निरन्तर प्रश्न र खबरदारीले आफूलाई थप योगदानका लागि प्रेरणा दिइरहेको हुन्छ
- सांसदले कानुन निर्माणभन्दा अदालतमा परेको मुद्दासमेत सांसदले भनेर जिताइदियोस् भन्ने मान्यता गाउँघरमा अझै स्थापित छ
- सामाजिक सञ्जालका कारण विरोध गरेर मजाक गर्ने प्रवृत्ति सदनमा समेत देखिएको छ

**दिक्पालकुमार शाही**
सांसद

नेपाली कांग्रेसका नेता दिक्पालकुमार शाही पार्टीमा कुनै योगदान नै नभएका पनि पैसा खर्च गरेकै भरमा उम्मेदवार बन्ने गलत प्रवृत्तिलाई प्रश्रय दिएकाले समानुपातिक निर्वाचन प्रणाली हटाउनुपर्छ भन्ने मान्यता राख्छन् । उनी भन्छन्, 'राजनीतिलाई सेवा नभई खरिदबिक्री गर्ने, सङ्गठनमा दुःख नगरी पैसाका आधारमा 'माननीय' हुने अनि राजनीतिमा अस्थिरता निम्त्याउने समानुपातिक निर्वाचन प्रणाली नै हो । भ्रष्टाचार अन्त्य गर्न सबैभन्दा पहिला यो प्रणाली नै हटाउनुपर्छ ।' 'सांसदसँग रासस संवाद'मा नेता शाहीले प्रत्यक्ष निर्वाचन प्रणालीभित्रै समानुपातिक समावेशिताका आधारमा महिला, आदिवासी, मधेसी, दलितलगायत समुदायको स्थान सुरक्षित गरी त्यसैभित्र प्रतिस्पर्धा गराउनुपर्नेमा जोड दिए । सांसद शाही भन्छन्, 'समानुपातिक प्रणालीले देशमा कहिल्यै राजनीतिक स्थिरता दिँदैन । स्थिरता नभई जनताले सुशासनको अनुभूति गर्दैनन् । विकास र आर्थिक समृद्धि प्राप्त गर्न सकिन्न, त्यसैले यसप्रति समयमै सोच्नुपर्छ ।' जिल्ला तहमा कांग्रेसमा ३५ वर्षदेखि निरन्तर क्रियाशील शाही दैलेख जिल्ला शिक्षक सङ्घका संस्थापक उपसभापति, जिल्ला विकास समिति सदस्य, नेका जिल्ला उपसभापति हुँदै पार्टीको १४ औँ महाधिवेशनमा निर्वाचित केन्द्रीय महाधिवेशन प्रतिनिधि भए । जिल्ला र निर्वाचन क्षेत्रमा बाटो, पानी, बिजुली, स्वास्थ्य र शिक्षासम्बन्धी विभिन्न समस्या रहेकामध्ये केही सम्बोधन भएको, कतिपय हुनेक्रममा पुगेको तथा केही बाँकी रहेको जनाउँदै उनले जिल्लाका समस्या र मागमा मतदाताको निरन्तर प्रश्न र खबरदारीले आफूलाई थप योगदानका लागि प्रेरणा दिइरहेको बताए । राजनीतिक क्षेत्रमा लामो समय बिताए पनि केन्द्रीय संसद्मा पहिलो प्रवेश भएकाले अभ्यासका क्रममा कतिपय विषयवस्तु सिक्ने र सिकाउने क्रम चलिरहेको बताउँदै सांसद शाहीले निर्वाचनमा मतदातासँग गरिएको प्रतिबद्धता पूरा गर्न आफूले गरेको प्रयासलाई पनि जनताले ठिकै मानिरहेको अनुभूति सुनाए । उनका अनुसार ऐतिहासिक, धार्मिक र कर्णाली सभ्यताको आधार क्षेत्र दैलेखमा पानीमा ज्वाला बल्ने पेट्रोलियम पदार्थको खानी मात्र नभई दुल्लु र धार्मिक क्षेत्र पञ्चकोशी विकास निर्माणका आधारस्तम्भ हुन् । जिल्लाका केही स्थानमा अझै खानेपानी जटिल समस्याका रूपमा छ । त्यस चुनौतीलाई सामना गर्न विभिन्न प्रयास भइरहेको छ । आठबिसमा २० शय्याको अस्पताल, केही विद्यालय निर्माण र सडक कालोपत्रेको कामलाई प्राथमिकतामा राखिएको छ ।केन्द्रीय सांसदको मुख्य जिम्मेवारी कानुनभन्दा विकास निर्माण हो र भन्ने जिज्ञासामा उनी भन्छन्, 'देशको भूगोल, निर्वाचनमा गरिएको वाचा, चुनावी घोषणापत्र, जनचाहना, समाज र परिस्थितिका कारणले कानुनभन्दा विकास निर्माण, रोजगारी, बाटो, खानेपानी र विद्यालयका आवाज प्राथमिकतामा पर्छ ।' सांसदले कानुन निर्माणभन्दा अदालतमा परेको मुद्दासमेत सांसदले भनेर जिताइदियोस् भन्ने मान्यता गाउँघरमा अझै स्थापित रहेको बताउँदै उनले सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय नहुँदा विकास निर्माणमा एकरूपता हुन नसकेको उदाहरण प्रस्तुत गरे । परिवर्तनका पक्षधरका रुपमा आफूले प्रत्येक आन्दोलनमा सुशासनका कुरा उठाएको सुनाउँदै नेता शाहीले भनसुन र भ्रष्टाचार मौलाउने तथा सुशासन कमजोर हुने परिस्थिति नै वितृष्णाको कारक भएको जिकिर गरे । उनले भने, 'राणाशासन र पञ्चायतकालमा भन्दा अहिले धेरै विकृति मौलाएको छ । भ्रष्टाचार अन्त्य नभई जनताले सुशासन पाउँदैनन् । अनियमितता र विकृति हाकाहाकी छ, यसको जालोलाई तोड्न सबैले सोच्नुपर्छ । सबै मिलेर काम गर्नुपर्छ ।' संसदीय प्रणालीमा प्रतिबद्ध रही झोपडी र गाउँमा बस्नेलाई हेरेर विकास निर्माणका खाका तय गर्नुपर्छ भन्ने मान्यता राख्ने कांग्रेसमाथि प्रमुख प्रतिपक्षलगायतले निरन्तर आक्रमण गरिरहेको आरोप लगाउँदै सांसद शाहीले कर्मचारीलाई उचालेर आन्दोलन गर्ने तथा निरन्तर सदन अवरोध गर्नेजस्ता उदाहरण प्रस्तुत गरे । एक अर्काे प्रसङ्गमा उनले सामाजिक सञ्जालका कारण विरोध गरेर मजाक लिने प्रवृत्ति सदनमा समेत देखिएको बताउँदै भने, 'एक जिम्मेवार व्यक्तिले त्यसो गर्न मिल्दैन, देश र दुनियाँका समस्या उठाउनुपर्छ, त्यसमा बहस गर्नुपर्छ, उच्छृङ्खल पक्षलाई छाड्नुपर्छ ।' नागरिकमा राज्य र समाजप्रतिको विश्वास घट्दै गएकामा चिन्ता व्यक्त गर्दै सांसद शाहीले सदनमा आफू नयाँ भए पनि मुख्य समस्या गरिबी न्यूनीकरण तथा शिक्षालाई गुणस्तरीय बनाउन केही गरौँ भन्ने भावनाका साथ लागिपरेको सुनाए ।

# ओझेलमा मण्डनको कोटथुम्का

**रासस**
**काभ्रेपलाञ्चोक ।**
जिल्लाको मण्डनदेउपुर नगरपालिका–१० कोटथुम्का अर्थात् चण्डेनी मण्डन, जहाँबाट मौसम खुलेको बेला विश्वको उच्च हिमशिखर सगरमाथाको चुचुरो देख्न सकिन्छ । त्यससँगै गणेश, जुगल, गौरीशङ्कर, लाङटाङलगायत अग्ला हिमशृङ्खलाहरुको दृश्यावलोकन यही स्थानबाट गर्न सकिन्छ । काभ्रेको सदरमुकाम धुलिखेलबाट ३० किलोमिटर दूरीमा दुई हजार पाँच सय मिटर उचाइमा उत्तरपूर्वी क्षेत्रमा अवस्थित कोटथुम्का विशेषगरी जिल्लामै पर्यटकको मुख्य गन्तव्यको सम्भावना बोकेको स्थान हो । यहाँबाट सर्वोच्च शिखर सगरमाथालगायत अग्ला हिमशृङ्खलाहरुको दृश्यावलोकन गर्न सकिने विषय करिब ९० वर्षअघि देखि नै ओझेलमा परेको बताइन्छ । यहाँबाट संघीय राजधानी काठमाडाँैमा ९० वर्षअघि सम्म रहेको १८ तले धरहरा देखिँदासम्म पर्यटकको चहलपल हुने वृद्ध स्थानीय बताउँछन् ।स्थानीय शिक्षक शालिकराम श्रेष्ठका अनुसार विसं १९९० को भूकम्पपछि धरहराको उचाइ आधा घट्दा यहाँ आउने आन्तरिक पर्यटक पनि घटेका हुन् । त्यतिबेला यही डाँडामा बसेर विशेषतः सगरमाथा र धरहराको चर्चा हुने गर्दथ्यो भने अहिले सगरमाथाको मात्रै । कारण, ९० बर्षअघिको भूकम्पले भत्केको धरहरा आधा घट्दा यहाँबाट देखिँदैन ।



कोटथुम्का वरिपरि ऐतिहासिक उमादेवी मन्दिर, कश्यपेश्वर महादेव मन्दिर, गुप्तेश्वर महादेव गुफा, खर्कको पोखरीलगायत महत्वपूर्ण गन्तव्यहरु पनि छन् ।

काभ्रेपलाञ्चोक र सिन्धुको सीमास्थल भएर बग्ने इन्द्रावती नदीको मनमोहक दृश्यले त त्यहाँ पुग्ने जो कसैको मन लोभ्याउँछ । नजिकका जङ्गलमा फागुन–चैत महिनामा ढकमक्क लालीगुराँस फुल्छ, जो यस क्षेत्रको मुख्य सौन्दर्य र आकर्षणको विषय पनि हो । '९० सालको भूकम्प जानुभन्दा पहिले यहाँबाट राजधानीमा रहेको १८ तले धरहराको पनि अवलोकन गर्न सकिने भएकाले त्यतिखेर यसकै लागि दैनिक सयौँ मानिसहरु यहाँ आउँथे, त्यसयता धरहराको चर्चा कम हुँदै गएको हो', श्रेष्ठले भने । उनका अनुसार कोटथुम्कामा केन्द्रीय सरकारले नै थप पर्यटकीय आधारका पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ ।यसैबीच, अर्थमन्त्री डा प्रकाशशरण महतले गत सोमबार अर्थात् बडादसैँको नवमीका दिन कोटथुम्कामा पुनःनिर्मित श्री उमादेवी माईको मन्दिर र भीमसेन मन्दिरको एक कार्यक्रमबीच उद्घाटन गरे । उनले पनि पछिल्ला केही वर्षयता मण्डनदेउपुरले विकासमा लिएको गतिमा सरकारले सधैँ सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । उनले पर्यटकीय स्थानका रुपमा रहेको कोटथुम्काको थप विकास गर्न तथा मण्डनका मुख्य सडक महादेवस्थानदेखि चण्डेनी थुम्का हुँदै हल्देछाप र अर्को पर्यटकीयस्थल दोलालघाट जोड्ने र फेदीदेखि चण्डेनी हुँदै इन्द्रावती जोड्ने सडकलाई पक्की बनाउन सरकारले बजेट छुट्याउने बताएका छन् । तीन देउपुर र चार मण्डन गाभिएर मण्डनदेउपुर नगरपालिका बनेको हो । मण्डनका चार गाविस चण्डेनीमण्डन, महादेवस्थान, जैशिथोक र ज्याम्दीको मुख्य आकर्षण कोटथुम्काको महत्व उजागर गर्न सके यहाँ आन्तरिक तथा बाह्य पर्यटकहरुलाई कोटथुम्का चिनाएर रमाउन सकिने स्थानीयवासी बताउँछन् । स्थानीय सामाजिक कार्यकर्ता रामबहादुर तामाङ भन्छन्, 'हामी कोटथुम्कालाई पर्यटकीय बनाउन स्थानीय अगुवासँग आवश्यक पूर्वाधारबारे छलफल चलाउँदैछौँ ।' हाल राजमार्गका सडक सञ्चालनसँग जोडिएर यातायात पुगे पनि कच्ची र साँघुरो सडकका कारण सडकमार्फत तथा फाटफुट 'ट्रेकिङ'समेत गरी स्थानमा पर्यटक जाने गर्दछन् । धार्मिक दृष्टिकोणबाट पनि महत्व रहेको कोटथुम्कामा अवस्थित उमादेवीको मन्दिर तथा केही तल रहेको कश्यपेश्वर महादेवको मन्दिरको आफ्नै किंवदन्ती छ ।सत्ययुगमा महादेवले आफ्नी पत्नी सतीदेवीको मृत्युपछि उनको शव बोकेर पृथ्वी भ्रमण गर्ने क्रममा यस ठाउँमा पुगेपछि सतीदेवीको मुटु पतन भएको र यहाँ उमादेवी र कश्यपेश्वर महादेवको उत्पत्ति भएको कुरा श्री स्वस्थानी कथामा वर्णन गरिएको छ । यहाँको मन्दिरमा 'बलि' चढाइएको पशुचौपायाको रगत ६० मिटर तल जङ्गलमा रहेको अर्को मन्दिरमा पुग्ने जनश्रुति पनि रहेको छ ।धार्मिक महत्व रहेकाले पनि यसको प्रचारप्रसार गर्नु आत्यावश्यक रहेको स्थानीय रमेश खनाल बताउँछन् ।

उनले स्थानीय तहले आफ्ना क्षेत्रलाई पहिचान गरी स्थानविशेष पूर्वाधार निर्माणमा जोड दिनुपर्ने बताए । सरकारले पर्यटनलक्षित कार्यक्रम ल्याई यस्ता स्थानबाट आर्थिक उपार्जन गर्न लाग्नुपर्ने उनको तर्क छ । आन्तरिक तथा बाह्य पर्यटकलाई यहाँ प्रवेश गराउन स्थानीय स्तरबाट मात्र सम्भव नभएकाले जिल्ला र राष्ट्रियस्तरबाटै पहल गर्न आवश्यक रहेको बताइन्छ । विगत केही वर्षदेखि आन्तरिक पर्यटकका रुपमा केही वनभोज मनाउन आउने गरेका छन् । यस्तै, कोटथुम्का नजिकको अर्को पर्यटकीय अग्लो स्थान थानडाँडा, जहाँ खानेपानी र बसोबासको राम्रो सुविधा छ । प्राकृतिक रुपले भरिपूर्ण थानडाँडामा पर्यटकका लागि भ्यू टावरको पनि निर्माण गरिएको छ । नजिकको बस्ती रामपुरनजिकै बुद्धपार्कको पनि निर्माण गरिएको छ । यसले आगामी दिनमा यहाँको पर्यटकीय महत्व बढाउने अपेक्षा गरिएको छ ।

# अवैध उत्खनन गर्ने ट्र्याक्टर र टिपर नियन्त्रणमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्मा प्रयोग भएको ट्र्याक्टर र टिपर धनुषा प्रहरीले नियन्त्रणमा लिएको छ ।
अवैध रुपमा उत्खननमा प्रयोग भएको ९ वटा ट्र्याक्टर र एउटा टिपर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
शनिवार क्षिरेश्वरनाथ नगरपालिका ८ दिगम्बरपुरस्थित जलाद खोलामा उत्खनन् गरिरहेको ज१त ७२१७, ज१त ६२७५, ज२त ११३, ज१त ४२९८, ज१त ५१३२, ज१त ७५९७, प्र २–०३–०१ त ४९९७, अन टेस्ट आइचर २४२ र अनटेस्ट जन डियर ५०४५ नम्बरको ९ वटा ट्र्याकटर नियन्त्रणमा लिएको धनुषा प्रहरीले जनाएको छ ।
यस्तै शुक्रबार अवैध रुपमा बालुवा, गिट्टि उत्खनन गरी लैजादै गरेको अवस्थामा क्षिरेश्वरनाथ नगरपालिका ५ महिला विकास चोकबाट इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटि गएको गस्ती टोलीले ना ८ ख १६५१ नं ।को लोड टिफर समेत प्रहरीले नियन्त्रणमा लिएको छ ।
नियन्त्रणमा लिएको ट्र्याक्टर र टिफर ईलाका प्रहरी कार्यालय महेन्द्रनगरमा राखी थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाए ।

# भारतको नयाँ व्यवस्थाले जलविद्युत्को बजार बढ्ने



**रासस**
**जनकपुरधाम ।**
भारतले आफ्नो देशभन्दा बाहिरका जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् खरिद गरी खपत गरेमा त्यसलाई पनि नवीकरण ऊर्जा अंश गणना हुने व्यवस्था गरेको छ । भारतको विद्युत् मन्त्रालयले यही ३ कात्तिकमा राजपत्रमा सूचना प्रकाशित गर्दै सन् २०२४–२०२५ देखि २०२९–२०३० सम्मका लागि नवीकरणीय ऊर्जाको न्यूनतम खपत अंश तोकेको छ । यसमा वायु, जलविद्युत्, वितरित र अन्य नवीकरणीय ऊर्जाको खपत हिस्सालाई तोकिएको छ ।
भारतका अनुमतिपत्र प्राप्त वितरण कम्पनी र खरिदकर्ताका लागि अनिवार्य जलविद्युत् खरिद (एचपिओ)को न्यूनतम खपत अंश तोक्दै केन्द्रीय सरकारबाट भारतमा विद्युत् बिक्रीका लागि स्वीकृति प्राप्त छिमेकी देशका जलविद्युत् आयोजनाहरूबाट खरिद गरिएको विद्युत्लाई पनि नवीकरणीय ऊर्जा खपत अंशमा राख्न पाउने व्यवस्था गरेको हो । यसअघि यस्तो एचपिओको व्यवस्था भारतमा उत्पादित जलविद्युत् आयोजनाहरूबाट खरिद गरिएको विद्युत्मा मात्र व्यवस्था थियो ।
भारतले नवीकरणीय ऊर्जा खपत हिस्सा सन् २०२४ देखि २०२५ सम्ममा २९ दशमलव ९१ प्रतिशत र सन् २०२९ देखि २०३० सम्ममा बढाएर ४३ दशमलव ३३ प्रतिशतको लक्ष्य भेट्नुपर्ने छ । यसमध्ये जलविद्युत् खपत हिस्सा सन् २०२४ देखि २०२५ मा शून्य दशमलव ३८ र सन् २०२९ देखि २०३० सम्ममा बढाएर एक दशमलव ३३ प्रतिशतको लक्ष्य भेट्नुपर्ने छ । यसका लागि ३१ मार्च २०२४ पछि सञ्चालनमा आएका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई मात्र गणना हुने व्यवस्था गरिएको छ । तोकिएको एचपिओको हिस्सा पु¥याउनै पर्ने र नपु¥याउने वितरण कम्पनी तथा विद्युत् खरिदकर्तालाई जरिवाना हुने व्यवस्था गरिएको छ ।
अन्य नवीकरणीय ऊर्जाका लागि तोकिएको खपत अंश १ अप्रिल २०२४ अघि सञ्चालनमा आएका जलविद्युत् आयोजनाबाट खरिद गरिएको विद्युत्लाई समेत गणना गर्न सकिने व्यवस्था छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अनिवार्य जलविद्युत् खरिदको नयाँ व्यवस्था व्यावहारिक रूपमा लागू भए नेपाल, भारत र भूटानलाई फाइदा पुग्ने बताए ।
'आफ्नो देशभन्दा बाहिरका जलविद्युत् आयोजनाबाट खरिद गरिएको विद्युत्लाई पनि एचपिओमा समावेशको व्यवस्था गर्न हामीले लामो समयदेखि भारतलाई आग्रह गर्दै आएकामा अहिले यसलाई समेटिएको छ । यसले भारतका विद्युत् वितरण कम्पनी तथा खरिदकर्तालाई जलविद्युत् आयोजनाहरूको विद्युत् खरिद गर्न सजिलो हुने छ,' कार्यकारी निर्देशक घिसिङले भने, 'यो व्यवस्था व्यावहारिक रूपमा कार्यान्वयन भएमा नेपालको जलविद्युत्ले भारतमा राम्रो बजार पाउने छ ।'
प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्राधिकरणले आइएक्सको डे–अहेड बजारमा प्रतिस्पर्धामार्फत र केही अघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब एक सय १० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि–एनभिभिएनलाई बिक्री गरिरहेको छ । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ । भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिइएकै पाँच सय २२ मेगावाटमध्येबाट पहिलो चरणमा करिब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीलाई पनि अनुमति दिएको छ । नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभिएनलाई एक सय १० मेगावाट गरी छ सय ३२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ ।

# दुर्घटनामा एकको मृत्यु, चार घाइते



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ढल्केवर स्थित पूर्वपश्चिम राजमार्गमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने अन्य चार जना घाइते भएका छन् ।
इलाका प्रहरी कार्यालय ढल्केवरले दिएको जानकारी अनुसार मिथिला नगरपालिका–६, ढल्केवर स्थित पूर्वपश्चिम राजमार्गमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु र चार जना घाइते भएका हुन् । शनिबार मध्याह्न १२ बजे पूर्वबाट पश्चिमतर्फ गइरहेको बा ७९ प ४७५५ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आइरहेको ज २ प ८३०१ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना भएको हो । दुर्घटनामा बा ७९ प ४७५५ नम्बरको मोटरसाइकलका चालक मिथिला नगरपालिका–१, लक्ष्मिनिवास बस्ने २८ वर्षीय राकेश राउतको मृत्यु भएको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ।
दुर्घटनामा परेर गम्भीर घाइते भएका राउतको जनकपुरधाम स्थित काव्या अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । सोही मोटरसाइकलको पछाडि सवार सोही ठाउँका अजितकुमार यादवको टाउकोमा चोट लागेको छ ।
यसैगरी, ज २ प ८३०१ नम्बरको मोटरसाइकलमा सवार एक बालक सहित तीन जना घाइते भएका छन् । घाइते हुनेहरुमा मिथिला नगरपालिका–६, ढल्केवरका ३८ वर्षीय अभय श्रेष्ठ, उनकी श्रीमती ३२ वर्षीया मन्दिर श्रेष्ठ र १० वर्षीय छोरा आर्यन श्रेष्ठ रहेका छन् ।घाइतेहरुको ढल्केवर स्थित भोगेन्द्र मेडिकलमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# नवविवाहित वरको 'चुमाउन' सम्पन्न



**रासस**
**जनकपुरधाम ।**
कोजाग्रत पूर्णिमासँगै महोत्तरीसहितका मिथिला क्षेत्रका नवविवाहित जोडीको शनिबार 'चुमाउन' विधि गरिएको छ । पछिल्लो एक वर्ष अवधिभित्र विवाह भएका मैथिल दम्पतीको पहिलो कोजाग्रत पूर्णिमाका दिन दुलही पक्षका आफन्तले दुलाहाका घरमा गएर गरिने वरपूजन परम्पराको 'चुमाउन' विधि शनिवार भएको हो । यो विधि कोजाग्रत रातमा गरिने परम्परा छ ।
सामान्यतया आफ्नी कन्याको विवाहपश्चात् राम्रो प्रतिपाल गरेका ज्वाइँप्रति कृतज्ञता जनाउन दुलही पक्षका आफन्त सगुन लिएर दुलाहाका घर गएर वर (दुलहा) पूजन गर्ने पुरानो मैथिल परम्परालाई 'चुमाउन' भन्ने गरिएको छ ।
यस अवसरमा दुलही पक्षका आफन्तले दुलहाका लागि वस्त्रआभूषण र मिष्ठान्न परिकार भेट गर्ने (उपहार दिने) पुरानो परम्परा रहेको पाका मैथिल बताउँछन् ।
कोजाग्रत पूर्णिमा दोषरहित र शुभ दिन मानिँदै आइएकाले पहिलो पटक घरजम सुरु गरेकी छोरी/चेलीका परिवारजनप्रति अहोभाव दर्शाउन यो दिन रोजिएको हुनसक्ने मैथिली लोकपरम्पराका जानकारको भनाइ छ ।
दुर्गा पूजन सकिएलगत्तै दसैं पर्वको कोसेली पुर्‍याउन र पर्वविशेषको भेटघाट गर्न पनि यो परम्परा चलाइएको हुनसक्ने संस्कृतिविद् जलेश्वर–६ का बासिन्दा पूर्वप्रशासक महेश्वर रायको भनाइ छ ।
मिथिला क्षेत्रमा खासगरी मैथिल ब्राह्मण र कायस्थ जातिमा बाक्लो प्रचलनमा रहेको 'चुमाउन' विधि पछिल्ला केही वर्षयता भने अत्यन्त भड्किलो बन्दै गएको यस क्षेत्रका बुद्धिजीवीको टिप्पणी छ । दुलही पक्षका आफन्तले ज्वाइँसहित उनका पिता र आफन्तका लागि वस्त्रआभुषण दिनुपर्ने माग र सयौँ मान्छेलाई खानपान गराउन पर्ने दुलाहा पक्षको प्रस्तावले यो विधि भड्किलो बन्दै गएको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ का मैथिली भाषा साहित्य विषयका उपप्राध्यापक मनोज झा मुक्ति बताउछन् ।
भेटका लागि वस्त्र आभूषण, मिष्ठान्न परिकार, दही, मखान (तलाउको पानीमा फल्ने मिथिलाको एक फल विशेष) र फलपूmलसहितका पचासभन्दा बढी भार (सोली) लिएर दुलही पक्षका आफन्त दुलहा घर पुग्छन् । दुलही पक्षका आफन्तको लामो लावालस्करले विवाहकै झझल्को दिने र असाध्यै खर्चिलो हुने गरेबाट अब यो विधि टार्न गरिबलाई धौधौ पर्ने गरेको मैथिल ब्राह्मण नै बताउँछन् । विगतमा एक बिडा पान, केही मखान, एकजोर धोती र जनै सुपारीले धानिने गरिएको परम्परा थेग्न अब भने घरखेत बेच्नपर्ने सम्मको स्थिति आएको भङ्गाहा–३ का ७० वर्षीय मैथिल ब्राह्मण चन्द्रकान्त झा बताउछन् ।
पिता, पुर्खाले आपसी सद्भाव वृद्धिका लागि यो विधि परम्पराको सुरुआत गरे पनि पछिल्लो समयमा यो विधि आडम्बर र अहङ्कार प्रदर्शन जस्तै बनेको हुँदा अबको पुस्ताले यसलाई कम खर्चिलो बनाउन सामाजिक दबाब बढाउन आवश्यक देखिएको यस क्षेत्रका बुद्धिजीवी बताउँछन् ।

# जातीय विभेदविरुद्ध उजुरी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको रामगोपालपुर नगरपालिका–४ चमार टोलका ५५ वर्षीय रामदेव महरालाई सोही ठाउँका २२ वर्षीय अंगज मुखिया, ४५ वर्षीय राधे मुखिया, २१ वर्षीय विक्रम मुखिया, २० वर्षीय शम्भु मुखिया र ३५ वर्षीय राजेश मुखियाले कुटपिट तथा जातीय विभेद गरेको भन्दै इलाका प्रहरी कार्यालय रामगोपालपुरमा उजुरी परेको छ । दुर्गा पूजापश्चात कात्तिक ९ गते मूर्ति विर्सजन गर्ने क्रममा आरोपितले 'तँ दलित सानो जातको किन आएको' भन्दै कुटपिट गर्नुको साथै जातीय विभेद तथा दुव्र्यवहारसमेत गरेको पीडितको आरोप छ ।
पीडितको स्थानीय मनोज मेडिकल हलमा उपचार भएको स्वास्थ्यकर्मी मनोज मण्डलले जानकारी दिए ।
आरोपितविरुद्ध इलाका प्रहरी कार्यालय रामगोपालपुरमा पीडितले उजुरी दिएको असई शम्भु सिंहले बताए । उनले आरोपितहरुले यसअघि पनि २१ वर्षीया नियासा राम र १८ वर्षीया संगिता कुमारीलाई रातिको समयमा खेतमा शौच गर्न आएको भन्दै कुटपिट र गालीगलौज गरेको आरोपमा असोज १९ गते पीडितद्वयले उजुरी दिएको जानकारी दिए ।
उजुरीपश्चात आरोपितलाई प्रहरीले चौकीमा झिकाई चारपाटे मुण्डन गरेको पीडित नियासाका पति २९ वर्षीय मंजित रामले बताए । पीडितहरुको रामगोपालपुर–५ स्थित राधाकृष्ण मेडिकलमा उपचार भएको चिकित्सक मनोज चौधरीले जानकारी दिए ।

# लाखौँको भन्सार छलीका सामग्री बरामद




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले लाखौँ मूल्य बराबरका अवैध भन्सार छलीको सामान बरामद गरेको छ ।
भन्सार छली गरि नेपाल ल्याउदै गरेको अवस्थामा प्रहरीले २ लाख ४७ हजार १ सय रुपैयाँ बराबरको किराना सामानलगायतका सामग्री नियन्त्रणमा लिएको हो । प्राप्त जानकारीअनुसार इलाका प्रहरी कार्यालय यदुकोहाबाट खटिएको टोलीले जिल्लाको बोर्डर हुँदै भारतबाट नेपाल भन्सार छली गरी ल्याउँदै गरेको विभिन्न किराना सामान, चिनी र चामललगायतका सामग्री बरामद गरेको छ । पक्राउ गरिएको सामग्री आवश्यक कारबाहीका लागि भन्सार कार्यालय जनकपुरधाम पठाइएको धनुषा प्रहरीका प्रवक्ता रन्जन आवाले जानकारी दिएका छन् ।

# डिप्लोमा इन्जिनियरिङ जनमत संघको समिति गठन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीको भातृसंगठन डिप्लोमा इन्जिनियरिङ जनमत संघको समिति गठन भएको छ ।
जनकपुरधाममा भएको भेलाले डिप्लोमा इन्जिनियरिङ जनमत संघले ३०० सदस्यीय समिति गठन गरेको हो । मधेश प्रदेशका पूर्व कृषिमन्त्री एवम् जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष ई. बसन्त कुशवाहाको प्रमुख आतिथ्यमा भएको बैठकबाट समितिको संयोजकमा सप्तरीका मुकेश मैरतालाई चयन गरिएको छ ।
यस्तै सहसंयोजकमा श्याम सुन्दर साह जिज्ञासु, विवेक कुमार मोरबैता र चन्दन कुमार शरणलाई चयन गरिएको हो ।
यस्तै नयाँ समितिको महासचिवमा राम ईश्वर यादव, उपमहासचिवमा रामबाबु मण्डल, सचिवमा ओम राउतलाई चयन गरिएको हो । समितिको सह सचिवमा छोटेलाल साह, उषा मण्डल, शिव बालक कुमार यादव र किशानन्द पटेललाई चयन गरिएको हो । समितिको कोषाध्यक्षमा प्रमोद ईषर हर्षलाई चयन गरिएको जनाइएको छ ।



# दशैँमा २२ दुर्घटना, ३६२ कारबाहीमा




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा दशैँ अवधिमा २२ सवारी दुर्घटना हुँदा २ जनाको ज्यान गएको छ भने ३८ जना घाइते भएका छन् ।
ट्राफिक नियमविपरीत सवारी साधन चलाउने ३ सय ६२ सवारीसाधन तथा चालकलाई ट्राफिक प्रहरी पर्साले कारबाही गरेको छ ।
कात्तिक ४ गते फूलपातीका दिनदेखि कात्तिक ७ गते विजयादशमीसम्म चार दिनमा दुई पाङ्ग्रे, तीन पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधन सवारीमा २२ दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले जनाएको छ । २३ मोटरसाइकल, ७ कार–जिप, दुई ट्रक र दुई साइकल तथा तीन अटो दुर्घटना भएको ट्राफिक प्रहरीले जनाएको छ ।
दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने ३८ जना घाइते भएका छन् ।
यसैगरी ट्राफिक नियम उल्लङ्घन गरी चलाइएका ३ सय ६२ सवारी साधनबाट ३ लाख ५७ हजार रुपैयाँ राजस्व संकलन भएको ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक भाष्कर खतिवडाले जानकारी दिए । यस वर्षको दशैँमा गतवर्ष भन्दा कम दुर्घटना भएको ट्राफिक प्रहरी निरीक्षक खतिवडाले बताए ।

# रगत अभाव टार्न रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २१ पटेलनगरमा भएको रक्तदानमा एक महिलासहित ५४ जनाले रक्तदान गरेका छन् । तराई युवा सामुदायिक संस्था वीरगंजले रक्तदान आयोजना गरेको हो ।
संस्थाका अध्यक्ष राघव पटेलको अध्यक्षता तथा वीरगंज महानगरका पूर्वनगरप्रमुख विजय सरावगीले कार्यक्रम शुभारम्भ गरेका थिए ।
सरावगीले रक्तसञ्चार केन्द्र वीरगंजले पर्सासहित ५ जिल्ला र छिमेकी मुलुक भारतका सीमावर्ती क्षेत्रका बिरामीलाई समेत रगत उपलब्ध गराउँदै आएको बताए ।
उनले सबैभन्दा ठूलो धर्म मानवताको रहेको बताउँदै रक्तदान गर्ने बेला को हिन्दू, को मुस्लिम, को इसाई भन्ने नआउने भए पनि अन्य समयमा विभिन्न समुदाय र धर्मका नाममा राजनीतिक रोटी सेक्ने काम भइरहेकामा दुःख व्यक्त गरे ।
कार्यक्रममा एमाले मधेश प्रदेशका उपाध्यक्ष बिचारी यादव, अकलेश साह, जलेन्द्र पटेल, गजाधर पटेल, राजाबाबु कुशवाहालगायतको उपस्थिति थियो भने रक्तसञ्चार केन्द्र वीरगंजको प्राविधिक सहयोगमा कार्यक्रम भएको हो ।

# घर फोडेर गहना र नगद चोरी

**मधेशदृष्टि**
**वीरगंज ।**
दशैँको मौका छोपेर घरमा कोही नभएको अवस्थामा वीरगंज महानगरपालिकाको कुम्हाल टोलको एउटा घरमा चोरी भएको छ ।
वीरगंज महानगरपालिका वडा नम्बर ५, कुम्हालटोलका शिलबहादुर मैनालीलगायत परिवार दशैँ मनाउन घरबाहिर गएका बेला गरगहना तथा नगद चोरी भएको हो । उनले जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिएका छन् ।
आफू नभएका बेला घरको ढोका फोडेर ७ तोला सुन र १ लाख रुपैयाँ भन्दा बढी नगद चोरी भएको भन्दै तत्काल अनुसन्धान गरी चोरी भएको सामान उपलब्ध गराइदिन प्रहरीलाई अनुरोध गरेका छन् । यसैबीच चोरीको घटनामा संलग्न रहेको आशंकामा पर्सा प्रहरीले एक जनालाई नियन्त्रणमा लिएको छ । चोरीका घटनामा अझ केही संलग्न रहेको हुनाले पक्राउ परेकाको नाम गोप्य राखिएको पर्सा प्रहरीले बताएको छ । घटनामा संलग्न अन्यको खोजी भइरहेको छ ।

# ठूलो मात्रामा लागुऔषध बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजबाट हेटौँडा जाँदै गरेको यात्रुबाहक बसबाट ठूलो परिमाणमा लागुऔषधसहित एकजना पक्राउ परेका छन् ।
लागुऔषधसहित कास्की, पोखरा महानगरपालिका वडा नम्बर ६ का ४० वर्षीय रबिन्द्र केसी पक्राउ परेका हुन् । केसीका साथबाट नेपालमा प्रतिबन्धित लागुऔषध फेनारगन ३ सय पिस , डाइजापाम ३ सय पिस र नुरफिन ३ सय पिससहित ९ सय पिस



बरामद भएको पर्साका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले जानकारी दिए । थापाका अनुसार वीरगंजबाट हेटौँडा जाँदै गरेको ग१ख ९६२६ नम्बरको यात्रुबाहक बस प्रहरीले परवानीपुरमा रोकेर चेकजाँच गरेको थियो । त्यसक्रममा केसीले बसका चालक बस्ने सिटमुनि लुकाएर राखेको सेतो झोलाबाट लागुऔषध बरामद भएको थापाले जानकारी दिए ।
लागुऔषधसहित पक्राउ परेका केसीलाई जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको छ ।

# सातौँ परसवा गोल्डकप सुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
जिराभवानी गाउँपालिका वडा नम्बर ३ मा सातौँ परसवा गोल्डकप सुरु भएको छ ।
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले रेफ्री बिशाल कुमारलाई बल हस्तान्तरण गरी खेल उद्घाटन गरे ।
न्यू एभरेष्ट क्लब परसवाका अध्यक्ष उमाकान्त प्रसाद चौधरीको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश सांसद शंकर प्रसाद चौधरी, संविधान सभा सदस्य जयप्रकाश थारु, नेकपा माओवादीका विजय महतो, जिराभवानी गापा अध्यक्ष अनोज चौधरी, पटेर्वासुगौली गापाका अध्यक्ष दिनेश कुमार चौधरी, जगरनाथपुरका अध्यक्ष श्रीकान्त यादव, ठोरीका अध्यक्ष लालबहादुर श्रेष्ठ, उपाध्यक्ष ममता महतो, रेखा चौधरी, बबिता सिंह क्षेत्रीले मन्तव्य व्यक्त गरेका थिए ।
पहिलो खेलमा सेढवाले पटेर्वासुगौली देकुलीलाई शून्यविरूद्ध १ गोलले पराजित गरेको छ । म्यान अफ दि म्याच सेढवाका जर्सी नम्बर १५ का ग्लोरी घोषित भए । आइतबार लिग चरणको पहिलो खेल पकडीटोल र सिद्धपुरबीच हुने छ भने दोस्रो खेल परसवा र निजगढ–११ बाराबीच हुनेछ ।

# वीरगंजकी छोरी लावण्या अग्रवालको भरतनाट्यम कला प्रस्तुत













**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको टाउन हलमा मारवाडी समुदायबाट नेपालमै पहिलो चेलीले भरतनाट्यम प्रस्तुत गरेकी छिन् । वीरगंजका अरुण पटवारी एवम् कीर्ति पटवारीकी छोरी लावण्या अग्रवालले टाउन हलमा आयोजित कार्यक्रममा नृत्यमध्येको सबैभन्दा जटिल मानिने भरतनाट्यम प्रस्तुत गरेकी हुन् । उनले भरतनाट्यम नृत्य प्रस्तुत गरिरहँदा वीरगंजका दर्शक मन्त्रमुग्ध भएका थिए । आफ्नै महानगरकी छोरीले देखाएको प्रतिभाबाट सबै नतमस्तक भए ।
अग्रवालले भरतनाट्यममा साधना गरी स्नातक हासिल गरेकी छिन् । अग्रवालको नृत्य नेपालमा मात्रै नभई भारत र अन्तर्राष्ट्रियस्तरमा समेत ख्यातिप्राप्त छ । पर्सा क्षेत्र नम्बर १ का सांसद प्रदीप यादव, वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह, वीरगंज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अशोक वैद्यलगायतका उद्योगी व्यवसायी, जनप्रतिनिधिको रोहवरमा भएको कार्यक्रम वीरगंज टिभीले प्रत्यक्ष प्रसारण गरेको थियो ।
भरतनाट्यम गर्नु आफैँमा निकै कठिनता व्यहोर्नु हो । म फिल्ममा हेर्थैं , भिडियो हेर्थैं, आज आँखै अगाडि हेरेँ ।
जो शास्त्रीय, ऐतिहासिक, सांस्कृतिक कला देखाइरहेकी छोरी थिइन् ।
उनको अद्भूत क्षमता थियो प्राचीन कलामा । यस्तो क्षमता देखाउने छोरीलाई हौसला बढाउन जरुरी छ ।
अरु यस्तै छोरीहरु पनि यसरी क्षमता प्रस्तुत गर्न सक्ने बनून् । शुभकामना ।
**–प्रदीप यादव, पूर्वमन्त्री**
भरतनाट्यममा स्नातक, वीरगंजको छोरीलाई हृदयदेखि बधाई दिन चाहन्छु । विशिष्ट अतिथिहरुको अगाडि प्रदर्शन भएको सभ्यताले निरन्तरता पाओस् । मारवाडी समुदायबाट छोरीहरु यसरी बाहिर आएर जुन क्षमता देखाएकी छिन् । उनलाई भरोसा दिउँ । हौसला दिउँ । यो कलाले उनको पहिचान मात्र बनाएको छैन, वीरगंज महानगरको पनि नयाँ परिचय बन्ने विश्वास लिएको छु । यसले वीरगंजको राम्रो सन्देश प्रवाह गर्नेछ ।
**–राजेशमान सिंह**
**मेयर, वीरगंज महानगरपालिका**
००००
वीरगंजमा यस्तो इभेन्ट भएको थिएन । म मेरा अभिभावकलाई सम्मान गर्न चाहन्छु । रम्भा म्यामले मलाई सिकाउनु भएको हो । यहाँहरु सबै आउनु भयो । मेरो नाच हेरेर हौसला दिनु भयो । जिन्दगीमा कुनै पनि कलामा जोडिनु नै यात्रा हो । दिलैदेखि लाग्यौँ भने हामीले चाहेको पूरा गर्न सक्छौँ । यही मैले सिकेको कुरा हो ।
**–लावन्या अग्रवाल**
००००
**के हो भरतनाट्यम ?**
भरत नाट्यम, भारतका प्रसिद्ध नृत्यहरूमध्येको एक हो । यसको सम्बन्ध दक्षिण भारतका तमिलनाडु राज्यसँग जोडिएको छ । यो नाम ‘भरत’ शब्ददेखि लिइएको हो तथा यसको सम्बन्ध नृत्यशास्त्रसँग जोडिएको छ । ब्रह्मा, हिन्दू देवकुलका महान त्रिदेवमा देखि प्रथम, नाट्य शास्त्र अथवा नृत्य विज्ञान पर्दछन् । ईन्द्र अनि स्वर्गका अन्य देवताका अनुनय–विनयदेखि ब्रह्मा यति प्रभावित भए कि त्यसले नृत्य वेद सृजित गर्न चार वेदहरू उपयोग गरे ।
नाट्य वेद अथवा पञ्चम वेद, भरत अनि त्यसको अनुयायीलाई प्रदान गरिएको थियो । र, यस विद्याको परिचय पृथ्वीका नश्वर मनुष्यलाई दिएका हुन् । अतः यसको नाम भरतनाट्यम रह्यो भनिएको छ ।
भरत नाट्यममा नृत्यका तीन मूलभूत तत्वलाई कुशलतापूर्वक सामेल गरिन्छ । भाव अथवा मनःस्थिति, राग अथवा संगीत र स्वरमाधुर्य तथा ताल अथवा काल समन्वय । भरतनाट्यममा हात, खुट्टा, मुख, अनि शरीर सञ्चालनका समन्वयनका ६४ सिद्धान्त छन्, जसको निष्पादन नृत्य पाठ्यक्रमका साथ गरिन्छ । भरतनाट्यममा जीवनका तीन मूल तत्वः दर्शन शास्त्र, धर्म अनि विज्ञान पर्छ ।
यो एक गतिशील अनि सांसारिक नृत्य शैली हो । यसको प्राचीनता स्वयमसिद्ध छ । यसलाई सौन्दर्य अनि सुरुचि सम्पन्नताको प्रतीक बताइन्छ । वस्तुतः यो एक यस्तो परम्परा हो, जसमा पूर्ण समर्पण, सांसारिक बन्धनहरूदेखि विरक्ति तथा निष्पादनेर्ताको यसमा चरमोत्कर्ष हुनु आवश्यक छ । भरतनाट्यम तुलनात्मक रूपले नयाँ नाम हो । पहिला यसलाई सादिर, दासी अट्टम र तन्जावूरनाट्यमका नामले चिनिन्थ्यो ।


हार्दिक मंगलमय शुभकामना



हीन्दु धर्मावलम्बीहरुको महान् पर्व शुभ दिपावली तथा छठ पर्वको सुखद् उपलक्ष्यमा सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक–शिक्षिका तथा सम्पूर्ण देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

देवेन्द्र कुमार यादव
प्रधानाध्यापक
श्री त्रिभुवन आदर्श मा.वि. बिन्धी (परिवार)
जनकपुरधाम उपमहानगरपालिका–२३


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन